# जिल्ला प्रहरी कार्यालय डोटी, महिला तथा बालबालिका सेवा केन्द्रको रणनीति (WCSC Strategy of Doti)

२०६९

**महिला तथा बालबालिका सेवा केन्द्र डोटीको दिर्घकालीन सोंच (VISION)**

**"डोटी जिल्लामा रहेका महिला तथा बालबालिकाहरुलाई अपराध तथा हिंसावाट मुक्त जीवनयापन गर्न सहयोग गर्ने ।"**




**POLICE HEADQUARTERS**

*Crime Investigation Department*

**Directorate of Women and Children Service**



ADB

Japan Fund for Poverty Reduction

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

फोन नं. : ४४१२७८३
४४२०५४१
फ्याक्स : ४४१२६०२
पो.ब.नं. : ४०७
नक्साल
काठमाडौं, नेपाल
Email : phqcid@nepalpolice.gov.np

टेलिग्राम "नेप्पोल"

पत्र संख्या :-
प्रा.प.सं. :-
च.नं. :-

मिति : ........................

# मन्तव्य

समाजमा विद्यमान लैङ्गिक, जातिय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, शोषण, उत्पीडित गरिबी आदि जस्ता विसंगतिहरूलाई निरूत्साहित गर्न नेपाल सरकारद्वारा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैङ्गिक समानताको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरूलाई कार्यान्वयन गर्ने परम्परालाई निरन्तरता दिदै सरकार, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु भएका छन् ।

यसै प्रसंगमा नेपाल सरकारको लैङ्गिक हिंसा विरूद्धको कार्ययोजना २०१०, घरेलु हिंसा (कसुर र नियन्त्रण) ऐन २०६६, लैङ्गिक विभेदमा आधारित हिंसा विरूद्ध कार्य सञ्चालन कार्यविधी २०६८, लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.ब.२०६९/०७०-२०७३/०७४) लाई महिला तथा बालबालिका विरूद्ध हुने हिंसा न्यूनीकरण कार्यमा प्रमुख अभियानको रूपमा लिन सकिन्छ ।

नेपाल प्रहरीमा महिला तथा बालबालिका विरूद्ध हुने हिंसा रोकथाम र नियन्त्रण गर्ने कार्यमा जिल्ला स्थित जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्रले महत्वपूर्ण योगदान दिदै, पीडितलाई न्याय दिलाउन सक्दो प्रयास गरिरहेका छन् । यसै सन्दर्भमा डोटी जिल्ला पनि संबेदनशील रहेकोले समयको माग र आवश्यकतानुसार गुणस्तरीय सेवा प्रदान गर्न समय-समयमा मार्ग निर्देशन दिने गरी कार्य सञ्चालनको लागि अत्यावश्यक महशुस गरी महिला तथा बालबालिका सेवा केन्द्र डोटीको रणनीति तयार गरिएको छ । यस रणनीति कार्यान्वयन गर्नको लागि सम्बन्धित सबै सरोकारवालाहरूको सहकार्य र समन्वयात्मक भूमिकाबाट मात्र सम्भव हुने हुँदा हामी सबैको सहकार्यबाट महिला तथा बालबालिका सेवा केन्द्रलाई सुदृढ बनाऔं र प्रभावकारी तथा गुणस्तरीय सेवा प्रदान गर्न सक्षम बनौं । यहि मेरा शुभकामना छ ।

.......................................
प्रहरी अतिरिक्त महानिरीक्षक
(दिनकर शम्शेर ज.ब.राणा )

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
(महिला तथा बालबालिका सेवा निर्देशनालय)

टेलिग्राम "नेप्पोल"
पत्र संख्या :-
प्रा.प.सं. :-
च.नं. :-

फोन नं. : ४४११२१०-४२२
४४१४७४५
फ्याक्स : ४४१२७४८
पो.ब.नं. : ४०७
नक्साल
काठमाडौं, नेपाल
Email : nepolwcsd@gmail.com

मिति : ......................

# मन्तव्य

विश्व समुदायले लैङ्गिक विभेदको अन्त्यको उद्घोष गरेको दशकौं भईसकेको छ। **"All human beings are born free and equal in dignity and rights"** भन्ने मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको विश्वव्यापी घोषणा पनि यस परिप्रेक्ष्यमा स्मरणीय छ। विगत लामो समयदेखि लैङ्गिक समानताको नारा उच्च आवाजमा प्रतिध्वनित भए तापनि नेपाली समाजमा महिलाहरू विभेद एवं हिंसाबाट दिनहु प्रताडित भएका घटनाहरू घटिरहेको सन्दर्भमा नेपाल प्रहरीमा महिला तथा बालबालिका सेवा निर्देशनालय मातहतका महिला तथा बालबालिका सेवा केन्द्रहरूको स्थापना नेपाल प्रहरीको इतिहासमा उल्लेखनीय रहने छ।

लैङ्गिक हिंसाबाट पीडितले न्याय प्राप्त गरेको अनुभूति गर्न र आत्मसम्मानका साथ मानव अधिकारको सुनिश्चितता भएको महशुस गर्न अत्यावश्यक छ। यसका लागि पीडकलाई दण्ड सजाय र पीडितको चाहना अनुरूपको न्याय प्राप्त गरेको अनुभूति गर्ने वातावरण सृजना गर्नको लागि जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्र डोटीले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। यस अभियानमा थप उर्जा प्रदान गर्नको लागि महिला तथा बालबालिका सेवा केन्द्र डोटीको यो रणनीति तयार गर्न पाउँदा अत्यन्तै हर्ष लागेको छ।

महिला तथा बालबालिका विरूद्ध हुने अपराध न्यूनीकरण गर्ने अभियानमा केवल जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रको प्रयास मात्र पर्याप्त हुदैन। यस अभियानमा महिला र बालबालिकाहरूको अधिकारको संरक्षण तथा सम्मान सुनिश्चितताका लागि स्थानिय जनसमुदाय लगायत सबै सरोकालवाला निकायहरूको भूमिका पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ। जसले गर्दा महिला तथा बालबालिका सेवा केन्द्र दिगो एवं प्रभावकारीरूपमा सञ्चालन भई गुणस्तरिय सेवा प्रदान गर्नको लागि यो रणनीतिले मार्ग प्रशस्त गर्ने छ भन्ने विश्वास लिएको छु।

अन्त्यमा यस डोटी जिल्लाको नागरिक समाज तथा सरोकारवालाहरूले दिनु भएको अमूल्य विचारहरूलाई समेत समेटेर व्यावहारिक दृष्टिकोणवाट तयार गरिएका यो रणनीति कार्यान्वयन गर्नको लागि जिल्ला प्रहरी कार्यालय लगायत सम्बन्धित सबै सरोकारवालाहरूलाई अनुरोध गर्न चाहन्छु। साथै यो रणनीति तयार गर्ने **ADB/JFPR 9135** को परियोजना संयोजक श्री सुलोचना श्रेष्ठ र रणनीतिको मस्यौदा उपर महत्वपूर्ण पृष्ठपोषण दिनुहुने प्र.ब.उ. उत्तम बहादुर सिंह र प्र.उ. कृष्ण प्रसाद गौतम समेतलाई धन्यवाद दिन चाहन्छु।

.......................................
प्रहरी नायब महानिरीक्षक
(बिमला थापा)

# भाग १

## महिला तथा बालबालिका विरुद्ध हुने हिंसा बारे जानकारी
## वर्तमान कानुनी व्यवस्था
## डोटी जिल्लामा हिंसाको स्थिति
## महिला तथा बालबालिका सेवा केन्द्रले गर्ने कार्यहरु


| | | | |
|---|---|---|---|
| १. | **पृष्ठभूमि (Background)** | | १ |
| | १.१ | महिला तथा बालबालिका विरुद्ध हुने हिंसा बारे जानकारी | १ |
| | १.२ | महिला तथा बालबालिका विरुद्ध हुने हिंसा न्यूनीकरण सम्वन्धी विद्यमान कानुनी व्यवस्थाहरु : | ३ |
| २. | **परिचय (Introduction)** | | ५ |
| | २.१ | डोटी जिल्लाको संक्षिप्त जानकारी | ५ |
| | २.२ | डोटी जिल्लाको महिला तथा बालबालिका सेवा केन्द्र र यसले गर्ने कार्यहरु | ६ |
| | २.३ | सम्वन्धित केन्द्र क्षेत्र र जिल्लाबाट अपेक्षित भूमिका : | ८ |
| | २.४ | डोटी जिल्लामा महिला तथा बालबालिका विरुद्ध हुने अपराध/हिंसाको वर्तमान स्थिति | १३ |


# भाग २

## महिला तथा बालबालिका सेवा केन्द्र डोटीको रणनीति


| | | | |
|---|---|---|---|
| ३ | **महिला तथा बालबालिका सेवा केन्द्र डोटीको रणनीतिको परिचय** (Introduction of Strategy) | | १७ |
| ४. | **महिला तथा बालबालिका सेवा केन्द्रको रणनीतिको उपादेयता** (Rationale of the WCSC Strategy) | | १७ |
| ५. | **महिला तथा बालबालिका सेवा केन्दको रणनीति तयार गर्नुको मुल मनसाय** (Purpose of the WCSC Strategy) | | १८ |
| ६. | **महिला तथा बालबालिका सेवा केन्दको रणनीति तयार गर्नको लागि अपनाईएको प्रकृयाहरु** (Process Adopted to formulate the WCSC Strategy) | | १८ |
| ७. | **महिला तथा बालबालिका सेवा केन्द्रको रणनीति** | | १९ |
| | ७.१ | दीर्घकालिन सोच (Vision) | १९ |
| | ७.२ | ध्येय Mission | १९ |
| | ७.३ | डोटी जिल्लाको महिला तथा बालबालिका सेवा केन्द्रको उद्धेश्यहरु (WCSC objectives) :- | १९ |
| | ७.४ | महिला तथा बालबालिका सेवा केन्द्रको उद्धेश्य अनुसारको रणनीतिहरु (Strategy) : | २० |

# भाग १

## महिला तथा बालबालिका विरूद्ध हुने हिंसा बारे जानकारी

## वर्तमान कानूनी ब्यबस्था

## डोटी जिल्लामा हिंसाको स्थिति

## महिला तथा बालबालिका सेवा केन्द्रले गर्ने कार्यहरू

# जिल्ला प्रहरी कार्यालय डोटी
# महिला तथा बालबालिका सेवा केन्द्रको रणनीति (सन्: २०१३-१०१७)

## १. पृष्टभूमि (Background)

### १.१ महिला तथा बालबालिका विरूद्ध हुने हिंसा वारे जानकारी :-

हिंसाको स्वरूप प्राय एकै प्रकृतिका भएपनि समाज विशेषको विशेषता अनुसार कुनै एक वा विभिन्न किसिमको हिंसाको प्राधान्यता रहेको हुन सक्दछ । बाल्यकाल देखिनै सामाजिकरण प्रक्रिया संगै यसको प्रभाव/असर सवैको सोचाई हुन्छ जो समाजमा स्थापित मुल्य, मान्यता, प्रथा, परम्परावाट निर्देशित हुन्छ । वेइजिङ घोषणा पत्रको १२ वटा सरोकार मध्दे महिला विरूद्धको हिंसा पनि पर्दछ । लिङ्गका आधारमा निर्धारीत भुमिकावाट सृजना भएको लैङ्गिक विभेद नै महिला हिंसाको मुल जड हो । महिलाहरूको न्यून आर्थिक तथा सामाजिक हैशियतले पनि उनिहरू विरूद्धको हिंसालाई जन्म दिई यसलाई निरन्तरता दिने कार्य गरिरहेको छ ।

**हिंसा के हो ?**

- **लैगिंक हिंसा** : महिला र पुरूषबीचको जैविक भिन्नतालाई आधार वनाई समाजद्वारा स्थापित उनीहरूको भूमिका, जिम्मेवारी, व्यवहार, अपेक्षा तथा अवसर आदीको मान्यताको आडमा गरिने हिंसालाई लैगिंक हिंसा भनिन्छ ।
- **महिला विरुद्ध हिंसा** : महिला विरूद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९३ का अनुसार “महिला विरूद्ध हिंसा” भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउँदछ वा पुर्‍याउने संभावना हुन्छ, जसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाव र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज समेत पर्दछ ।
- **शुन्य सहिष्णुता** : नसहने,सहिष्णुता विहिन हुने वा शुन्य पार्ने

**हिंसा सम्बन्धमा रहेका मान्यताका परम्परागत कारणहरु :-**

- पुरूषको प्रभुत्व र प्रभाव र महिला अधिनस्थातामा
- जैवीक भिन्नतालाई कमजोरी मानिने
- हिंसालाई सहजरूपमा जीवन पद्धतिको रूपमा स्विकार गर्ने पर्ने परम्परागत अवस्था
- सामाजिकीकरण (महिलाले चुपलाग्नु पर्ने, खप्नु पर्ने, सहनुपर्ने भन्ने पुरूषबादी सोचाई
- विवादको समाधानमा हिंसाको प्रयोगको मान्यता (सवै तहमा)
- लैगिंक भूमिका निर्धारण र महिला पुरूष वीचको शक्ति संरचनामा राज्यको निष्कृयता (state inaction)
- सानो धटना भनि अनदेखी वा बेवास्ता गरि घटनाको पुनरावृत्ती हुने अवस्था
- अपराधीकरण नगरिने (state inaction in gender roles)
- घरेलु हिंसालाई निजी विषय वस्तु मानिने (doctrines of privacy)
- पिडित महिलालाइ ग्रहण नगरिने र पुरूषलाई उन्मुक्ति/समाजमा सहज स्विकार्यता

## हिंसाको अवस्था

**कुन अवस्थामा महिला हिंसा वाहिर आउछ ?**

- आत्महत्याको स्थितिमा - असहय भई अधिकांशत : पीडित महिलाले आत्महत्या गर्ने सम्मको स्थितिमा मात्र
- चिकित्साको विषय वनेपछि - हिंसाको पीडा कारणले पीडितलाई उपचार नगरे स्थिति विग्रने अवस्थामा मात्र
- सहनै नसक्नेभै वारपारको स्थितिमा - पीडितलाई असहय भई जस्तोसुकै कठोर कदम उठाउन तयार भएको अवस्थामा मात्र

**<u>अहिले कस्तो छ ? (तथ्याङ्क)</u>**

- ८३ प्रतिशत हिंसा report नहुने , १७ प्रतिशत. मध्ये १२ प्रतिशत. नातेदार वा साथीलाई सुनाई समाधान खोज्ने, ५प्रतिशत कानुनी उपचार खोज्ने (श्रोत : ने.प.नि.संघ)
- कमजोर कानूनी व्यवस्था, सुनवाई र कानूनी उपचारमा उदासिनता
- हिंसा पछिको हिंसा ( हिंसाको पुनराबृत्ती )
- अधिकांश हिंसा घर भित्र साथै आफन्तहरूवाट हुने (मर्म)
- संवेदनशीलताको अभाव
- सवै तह/अवस्थामा हिंसाको जोखिम (व्यक्तिगत तह, दाम्पात्य जीवन, समुदाय, समाज, राज्य) मा हिंसाले उत्तिकै देखा परेको छ ।

**कुन अवस्थामा उजुरी पर्छ ?**

- राज्यले प्रदान गर्ने सामाजिक सुरक्षाको व्यवस्थाप्रति आश्वस्त भएमा
- संरचनात्मक अवरोध कम भएमा (कानून, संस्था, लैगिंक मैत्री वातावरण)
- न्याय पाउने कुरामा विश्वस्त तथा पहुच सहज भएमा
- आफ्नो अधिकार प्रति सचेतना वढेमा

**महिला विरुद्ध हुने हिंसाले गर्दा महिलाहरुको निम्न अधिकार र स्वतन्त्रताहरुमा प्रत्यक्ष तथा परोक्ष असर पुग्दछ :**

- बाँच्न पाउने अधिकार
- यातना, क्रुर, अमानवीय एवं अपहेलित व्यवहार विरूद्धको अधिकार
- आन्तरिक एवं बाह्य शसस्त्र द्वन्द्धको समयमा आवश्यक मानवीय मूल्य एवं मान्यताको समान संरक्षणको अधिकार ।
- स्वाधिनता र सुरक्षाको अधिकार ।
- कानुनको समान संरक्षण ।
- पारिवारिक समानता सम्बन्धी अधिकार ।
- शारीरिक एवं मानसिक स्वास्थ्य सम्बन्धी उच्चतम मापदण्ड सम्बन्धी अधिकार ।
- रोजगारका लागि उचित एवं अनुकूल वातावरण सम्बन्धी अधिकार ।

महिला विरूद्ध हुने सम्पूर्ण किसिमको भेदभाव र हिंसा अन्त्य गर्न सुधारात्मक (**Corrective**), संरक्षात्मक (**Protective**) र अविभेदकारी (**Non-discriminatory**) संयन्त्रहरूको प्रयोग गर्नु पर्ने हुन्छ । अन्ततः उपरोक्त संयन्त्रहरूको प्रयोग गरि महिला तथा बालिका विरूद्धको हिंसाको निमूर्लन गर्नका लागि शुन्य सहिष्णुताको नीति अवलम्वन गर्नु अपरिहार्य छ ।

## हिंसाका कारण

**वाह्य कारण (तत्कालिन)**

- गरिवि
- अशिक्षा
- जनचेतनाको अभाव
- मदिरा सेवन
- वहु विवाह
- राज्य विहिनता (दण्ड हिनता)
- कमजोर संरचनात्मक व्यवस्था

**भित्रि कारण (अन्तर्निहित)**

- समाजको शक्ति संरचना
- पुरूषत्वको शोच
- पितृसत्तात्मक व्यवस्था
- लैगिंक विभेद
- आर्थिक, सामाजिक र सांस्कृतिक प्रचलन तथा व्यवहार
- राजनैतिक (प्रतिशोध, आन्दोलन, विस्थापन, संरक्षण)
- अवस्थिति (कार्य परिवेश, एकान्त)

## १.२. महिला तथा बालबालिका विरूद्ध हुने हिंसा न्यूनिकरण सम्वन्धी विद्यमान कानुनी व्यवस्थाहरू :

**वर्तमान कानूनी व्यवस्थाहरु**

- मुलुकी ऐन, कुटपिटको महल
- मुलुकी ऐन, जबरजस्ती करणीको महल
- मुलुकी ऐन, आशय करणीको महल
- मुलुकी ऐन, ज्यान सम्बन्धी महल
- मुलुकी ऐन, लोग्ने स्वास्नीको महल
- मुलुकी ऐन, बिहावारीको महल
- मुलुकी ऐन, जीउ मास्ने बेच्नेको महल
- मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४
- घरेलु हिंसा (कसूर तथा सजाय) ऐन, २०६६

- सार्वजनिक (अपराध तथा सजाय) ऐन, २०२८
- गाली र बेइज्जती ऐन, २०१६
- प्रमाण ऐन, २०३१
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९

**नेपालको अन्तरिम संविधान, २०६३**

**धारा २०(३)**

- कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनिय हुनेछ ।

**सरकारवादी हुने महिला हिंसा विरुद्धका मुद्दाहरुः**

- मानव बेचबिखन तथा ओसार पसार
- बलात्कार, वैवाहिक बलात्कार
- बिहावारी अन्तर्गतको (बहुविवाह, बाल विवाह)
- ज्यान सम्बन्धी (बलपूर्ण गर्भपतन समेत)
- सार्वजनिक अपराध सम्बन्धी

**व्यक्तिवादी हुने महिला हिंसा विरुद्धका मुद्दाहरु**

- घरेलु हिंसा (कुटपिट सम्बन्धी)
- लोग्ने स्वास्नी अन्तर्गतको (खान लाउन नदिएको, घरबाट निकाला गरेको)
- बिहावारी अन्तर्गतको (जबरजस्ती विवाह, ढाँटी विवाह, बहुविवाह)
- गाली बेइज्जती ऐन अन्तर्गतका मुद्दाहरू
  आशय करणी महलअन्तर्गतका मुद्दाहरू ।

**उजुरी गर्न सक्नेः**

- मानव बेचबिखन तथा ओसार पसार, बलात्कार, बहुविवाह, बाल विवाह लगायतको महिला विरूद्धको हिंसाको उजुरी जोसुकैले गर्न सक्ने,
- कुटपिट, खान लाउन नदिएको, घरबाट निकाला गरेको लगायतको महिला विरूद्ध हिंसाको उजुरी आफै गर्नुपर्ने,

**यौनजन्य दुर्व्यवहार गरेमा हुने सजायः**

- यौन दुर्व्यवहार गर्ने व्यक्तिलाई १ वर्षसम्म कैद र १० हजार रूपैयाँसम्म जरिवाना हुनेछ । यस्तो कार्यबाट पीडित व्यक्तिले कसूरदारबाट मनासिव माफिकको क्षेतिपूर्ति समेत भराई दिनुपर्नेछ ।

**(आशय करणीको महलको १ नं.)**

**यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी भएका कानूनी प्रावधानहरु**

| कानून | सम्बन्धित व्यवस्था | निषेधित यौनजन्य दुर्व्यवहारको प्रकार | सजाय | उजुरीको हदम्याद | उजुरी गर्ने निकाय |
|---|---|---|---|---|---|
| मुलुकी ऐनको आसय करणीको महल | आफ्नो स्वास्नी वाहेकको ११ वर्ष नाघेको महिलालाई यौनजन्य मनसायले शिरदेखि पैतालासम्मको अंगमा समात्नु अपराध हुने | शारीरिक यौनजन्य दुर्व्यवहार | ५०० रूपैयाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय | घटना प्रकाश भएको मितिले ३५ दिनभित्र | सम्वन्धित जिल्ला अदालत |
| गाली र बेइज्जती ऐन, २०१६ | महिलाको अपमान गर्ने मनसायले कुनै कुरा भन्नु वा कुनै किसिमको शब्द वा हाउभाउ व्यक्त गर्नु वा कुनै वस्तु देखाउन वा निजको गोपनियतामा दखल दिनु अपराध हुने | मौखिक, लिखित र ईशाराले हुने यौनजन्य दुर्व्यवहार | १०० देखि ५०० रूपैयासम्म जरिवाना र ६ महिनासम्म कैद | मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिना भित्र | सम्वन्धित जिल्ला अदालत |
| केहि सार्वजनिक अपराध र सजाय ऐन २०२७ | सार्वजनिक स्थलमा अश्लिल बोलि, वचन, इशारा प्रयोग गर्नु वा अश्लिल प्रदर्शन गर्नु अपराध हो । | सार्वजनिक क्षेत्रमा हुने यौनजन्य दुर्व्यवहार | १0,000 रूपैया सम्म जरिवाना प्रयाप्त नभएको अवस्थामा बढीमा २ वर्ष सम्मको कैद सजाय | घटना भएको ७ दिनभित्र तर मानसिक कारण भएमा ३५ दिन म्याद थप गर्न सकिने | प्रहरी कार्यालय |

## २. परिचय (Introduction)

### २.१. डोटी जिल्लाको संक्षिप्त जानकारीः-

सुदुर पश्चिमाञ्चल बिकाश क्षेत्रको केन्द्र मानिने डोटी जिल्लाको पूर्वमा अछाम, पश्चिममा डडेधुरा, उत्तरमा बझाङ्ग, दक्षिणमा कैलाली र सुर्खेत जिल्ला पर्दछन । सेती अन्चलको मध्य भागमा पर्ने चुरे र महाभारत श्रृंखला अवस्थित डोटी जिल्लाको कुल क्षेत्रफल २०३५ वर्ग कि.मि.र हावापानी लेकाली देखी अर्ध उष्ण सम्म रहेको छ । जिल्लाको कुल जनसंख्या पुरूष १,0७२२९ महिला १,0५४४९ गरी जम्मा २,१२६७0 रहेको छ ।

जिल्ला लाई विकासको क्रममा ११ ईलाका १ नगरपालीका तथा पचासवटा गा.वि.स.मा विभाजित गरिएको छ । समुन्द्र सतह देखि अन्दाजी १७७८ फितको उचाईमा दिपायल पर्दछ भने सिता गढी अन्दाजी ४२२४ फिट उचाईमा पर्दछ । दिपायल सिलगढी नगरपालिकाको राजपुरमा सम्पूर्ण क्षेत्रिय कार्यालयहरू अवस्थित छन् । यस जिल्लामा खेति योग्य भुमी २५.६ प्रतिशत वन जंगल ४0 प्रतिशत र वाँकी भु-भाग नदि नालाले ओगतेका छन् । यस जिल्लाका अधिकांश जनताहरू कृषि पेशामा आधारित भएपनि सिंचाई सुविधाको कमिले उत्पादित खाद्यान्न वाट वर्ष भरि खान पुग्ने अवस्था छैन ।

यस जिल्लामा वाहुन, ठकुरी, क्षेत्री, नेवार, मगर, दमाईकामी लगायत विभिन्न जातीको बसोवास रहेको छ । यहाका जनताहरू अधिकांशले कृषि पेशा गर्दछन् भने यस वाहेक भारत गई नोकरी गर्ने तथा ब्यापार र ठेक्का पट्टाको कार्य गर्ने गरेको देखिन्छ ।

स्वास्थ्यः- यस जिल्लाको पचासवटै गा.वि.स.हरूमा उप स्वास्थ्य चौकी स्थापना भईसकेको भएतापनि सवैजनालाई स्वास्थ्य सेवा पुग्न सकेको छैन । यस जिल्लमा अस्पताल १, निजि नर्सिङ्गहोम १, क्षेत्रिय प्रहरी अस्पताल १, ईलाका हे.पो. १०, उपस्वास्थ्य चौकी ३९, प्राथमिक स्वास्थ्य केन्द्र २ र आयुर्वेदिक औषधालय ८ रहेका छन् ।

उद्योग व्यक्तिगत संघ, मानव अधिकार तथा जनसेवा केन्द्र, ने.रा.वि.संघ, नेपाल परिवार नियोजन संघ, खेलकुद विकास समिति, नेपाल प्रध्यापक संघ, ने.प.रा.यु.संघ, किसान संघ, महिला संघ, समाज सेवा, नेपाल उत्पीडित दलित जातिय मुक्ती समाज सृजना सिल युवा समुह, नेपाल रेडक्रस सोसाईटी, स्व.वि.यू.कर्मचारी मिलन केन्द्र, नारी जागरण केन्द्र, आदि संघ संस्था तथा क्लव केन्द्रहरू रहेका छन् भने राजनैतिक दलहरू सक्रिय रूपमा ५ वटा मात्र रहेका छन् । जसमा नेपाली कांग्रेस, ने.क.पा.एमाले, ने.का.प्रजातान्त्रिक, ने.क.पा.माओवादी र रा.प्र.पार्टी ।

## २.२. डोटी जिल्लाको महिला तथा बालबालिका सेवा केन्द्र र यसले गर्ने कार्यहरू :-

जिल्ला प्रहरी कार्यालय डोटी अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्र डोटी जिल्लाका महिला तथा बालबालिकाहरूको हक हितको संरक्षण गर्नका लागि स्थापना भएको छ । जहाँ सकेसम्म महिला प्रहरी कर्मचारीहरू कार्यरत रहि पीडितलाई न्यायमा सहज पहुँच पुर्याउने कार्यमा सक्रिय रहन्छन् ।

हरेक व्यक्ति सम्मानपूर्वक वाँच्न पाउनु पर्दछ भन्नेकुरा लाई मध्यनजर राखि केन्द्रमा महिला मैत्री वातावरण प्रदान गर्ने प्रयास हुन्छ । महिला तथा बालबालिका विरूद्ध कुनै हिंसा/अपराध भएमा २४ सै घण्टा प्रहरी कर्मचारीहरू तैनाथ रहन्छन् । यस सेवा केन्द्रले महिला तथा बालबालिका विरूद्ध हुने गरेका हिंसा तथा अपराध सम्वन्धी घटना संग सम्वन्धीत सवै सुचना तथा जानकारीहरू गोप्य राख्ने गर्दछ । महिला तथा बालबालिका विरूद्ध हिंसा तथा अपराध भएमा वा हुन लागेमा तत्काल सेवा केन्द्रमा खवर गर्नु पर्दछ । उजुरी दिएको कारण कसैवाट खतरा हुने संकेत पाइएमा केन्द्रले व्यक्तिगत विवरण गोप्य राखिदिने गर्दछ । हिंसा गर्नु भन्दा सहनु अपराध हो भन्ने कुरालाई ध्यानमा राखि निडर र निर्भिक भै ढुक्क संग महिला तथा बालबालिका सेवा केन्द्रमा गई उजुरी दर्ता गर्नु पर्दछ । सेवा केन्द्रले घटनाको सम्वन्धमा अवलम्वन गर्नुपर्ने प्रकियावारे जानकारी गराई पीडितलाई न्याय दिलाउन लागि पर्दछ ।

**महिला तथा बालबालिका सेवा केन्द्रले गर्ने कार्यहरु निम्न छन् :-**

- महिला तथा बालबालिका विरूद्ध हिंसा, अपराध न्यूनिकरण गर्नको लागि समुदाय स्तर सम्म जनचेतनामूलक कार्यक्रम तथा अन्तरक्रिया कार्यक्रमहरू गर्ने ।
- महिला तथा बालबालिका विरूद्ध हुने अपराधहरूको नियन्त्रण गर्ने ।
- महिला तथा बालबालिका विरूद्ध हुने निम्न अपराधहरूको अनुसन्धान गर्ने :
  - बाल विवाह
  - वहुविवाह
  - जवरजस्ति विवाह
  - अनमेल विवाह

- ➢ मानव वेचविखन तथा ओसार पसार
- ➢ बालश्रम शोषण
- ➢ बलात्कार
- ➢ बलात्कारको प्रयास
- ➢ वैवाहिक बलात्कार
- ➢ यौन शोषण
- ➢ बाल यौन दुर्व्यवहार
- ➢ घरेलु हिंसा ( मानसिक, शारिरिक, यौन र आर्थिक हिंसा )
- ➢ अन्य दुर्व्यवहार (बोक्सीको आरोप आदि )
- ➢ महिला तथा बालबालिका विरूद्ध लक्षित अन्य गैर कानुनी क्रियाकलापहरू

- महिला तथा बालबालिका भएका अपराधहरूको अनुसन्धान प्रक्रियामा सहयोग गर्ने
- पीडितलाई सहयोग गर्ने
- पीडितलाई परामर्श सेवा प्रदान गर्ने
- घटनाको सम्वन्धमा अवलम्वन गर्नुपर्ने प्रकियावारे जानकारी गराउने
- पीडितको संरक्षण तथा सहयोगको लागि जिल्ला स्थित सम्वन्धीत सरकारी, गैरसरकारी निकायहरू, संघ संस्थाहरू संग समन्वय गर्ने ।

**डोटी स्थित महिला तथा बालबालिका सेवा केन्द्रले गर्ने कार्यहरु**

- ▪ हराएको बालबालिका तथा महिलाहरूको स्पष्ट रूपमा हुलिया लिई फोटो सहित मजकुर कार्यालय, अन्यत्र जिल्ला तथा मातहत कार्यालय लगायत जान सक्ने सम्भावित स्थानहरूमा खोज तलासको लागि हुलिया परिपत्र गर्ने गरिएको ।
- ▪ स्थानिय एफ.एम.,रेडियो, टेलिभिजन,पत्रपत्रिकाहरूमा हराएको सुचना प्रकाशित गर्ने गरिएको
- ▪ हराएको बालबालिका तथा महिलाहरूको साथि संगति तथा काम गर्ने स्थान लगायत शंकित व्यक्तिहरूलाई उपस्थित गराई सोधपुछ गर्ने गरिएको ।
- ▪ हराएको बालबालिका तथा महिलाहरूको खोज तलासको सम्वन्धमा यस जिल्ला स्थित सरकारी तथा गैर सरकारी संस्थाहरू संग समन्वय राख्ने गरिएको ।
- ▪ हराएको बालबालिका तथा महिलाहरूलाई खोज तलास गरि फेला परेकालाई अभिभावकको जिम्मा लगाउने र अभिभावक फेला नपरेको अवस्थामा संवन्धित संघ संस्थाहरू लाई जिम्मा लगाई संस्था मार्फत सम्वन्धित माा्ध्यमहरू जस्त शिक्षा तथा विभिन्न शिपमुलक कार्यको लागि पहल गर्ने गरिएको ।
- ▪ अलपत्र अवस्थामा फेला परेका सडक बालबालिकाहरूलाई आवश्यक सोधपुछ तथा संरक्षण पश्चातबाल श्रम शोषण तथा बाल अपराध नहोस भन्ने उद्देश्यले सम्बन्धित निकायमा पठाउने गरिएको ।
- ▪ व्यक्तिगत रूपमा विभिन्न व्यक्तिहरूले आफ्नो घरमा बालश्रमिक अवस्थालाई प्रशय दिएको हुँदा जानकारीमा आए सम्म त्यस प्रकृयालाई वढवा नदिने हिसावले घरबेटी, अभिभावक, बालबालिका र विभिन्न बालबालिका सम्बन्धिको सरोकारवाला, सामाजिक, संस्थाहरू महिला संजालको विचमा

छलफलको माध्यमवाट यस्ता घटनाहरू हुन गर्न नदिन उद्धार लगाएत समय समयमा जनचेतनामुलक कार्यक्रम गर्ने गरिएको ।

- सरकारी तथा गैह्र सरकारी सरोकारवाला संघसंस्था तथा कार्यालयको समन्वयमा विभिन बाल क्लबहरूको गठन गरी बालबालिकाहरूलाई आवश्यक सल्लाह र सुझाव दिने गरिएको साथै उनिहरूकै आयोजनामा बालश्रम शोषणलाई न्यूनिकरण गर्नको लागि विभिन्न सडक नाटक तथा सास्कृतिक कार्यक्रमहरूको आयोजना गरिने गरिएको ।
- श्रीमानले श्रीमतिलाई ज्यान मार्ने प्रयास गरेको सम्बन्धमा विभिन्न स्थानहरूवाट पीडितलाई उद्धार गरि सरोकारवाला संघ संस्था र महिला संजालको रहोवरमा घरको मुलि व्यक्तिलाई खान, बस्न, स्वास्थ्य उपचारको गराई शरिरीक तथा मानसिक यातना नदिने शर्तमा मिलापत्र गरि पठाउने गर्ने गरिएको ।
- घरेलु हिंसावाट पीडित महिला तथा बालबालिकाहरूलाई निजको घर तथा समाजमा पुनःस्थापना गराई नागरिकता, विवाह दर्ता र बच्चाको जन्म दर्ता बनाउनको लागि पहल गरिएको ।
- बेचिन सक्ने सम्भावना भएका महिला तथा बालबालिकाहरूलाई संकित अवस्थामा फेला परेमा उद्धार गरि आवश्यक सोधपुछ तथा परामर्श दिई अभिभावकलाई जिम्मा लगाउने गरिएको ।
- व्यक्तिले घर तथा होटलमा बाल श्रमिकको रूपमा राखेको बालबालिकाहरूलाई विभिन्न स्थानहरूवाट उद्धार गरि निजको अभिभावक तथा सरोकारवाला संघ संस्थाहरूमा जिम्मा लगाउने गरिएको ।
- मानव बेचविखन, ज.ज.क., ज.ज.क.उ., बहुविवाह, बोक्सीको आरोप, ज्यान मार्ने उद्योग, अंगभंग, जस्ता मुद्धाहरूको पीडितलाई सम्बन्धित कार्यालयमा झिकाई आवश्यक सोधपुछ तथा अनुसन्धान पश्चात कानुनी प्रक्रियाको लागि पहल गरिएको ।
- विभिन्न सरोकारवाला सरकारी तथा गैह्र सरकारी कार्यालय तथा संघ संस्था र संजालको समन्वयमा पीडितलाई कानुनी प्रक्रियाको लागि पहल गरिएको ।

### २.३ सम्बन्धित केन्द्र क्षेत्र र जिल्लाबाट अपेक्षित भूमिका :-

**महिला तथा बालबालिका सेवा केन्द्रलाई सक्षम र प्रभावकारी रुपमा स्थापित गर्न सम्बन्धित केन्द्र, क्षेत्रको निम्न भुमिका सम्वन्धमा आवश्यक सहयोगको लागि जि.प्र.का.वाट जाहेर गर्ने :-**

**क) प्रहरी प्रधान कार्यालयको सचिवालय, अन्वेषण तथा योजना र बजेट शाखा तथा प्रशासन शाखाको भुमिका :-**

- सेवा केन्द्रको लागि आवश्यक श्रोत साधन भौतिक पुर्वाधारको व्यवस्थाका लागि सम्वन्धित दातृ निकाय संग समन्वय गरि महिला तथा बालबालिका सेवा निर्देशनालयलाई सहयोग गर्ने ।
- महिला तथा बालबालिका सेवा निर्देशनालयले सेवा केन्द्रको आवश्यकता पहिचान, प्राथमिकता निर्धारण गरि तर्जुमा गरेको बार्षिक कार्यक्रम र बजेटको समाबिष्ट गरिदिने, पारित गर्न पहल गर्ने सोहि अनुसार कार्यान्वयन गर्न अनुगमन गर्ने ।
- महिला तथा बालबालिका सेवा निर्देशनालयले सेवा केन्द्र, इकाई, उप-इकाईको लागि प्रस्ताव गरेको महिला प्रहरी कर्मचारीहरू लाई दरबन्दिको व्यवस्था गरि खटाई दिने व्यवस्था गर्ने ।

**ख) प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागवाट अपेक्षित सहयोग एवं टेवामुलक कार्यहरु :-**

- महिला तथा बालबालिका सेवा निर्देशनालयले सेवा केन्द्रहरूमा पठाउन तयार गरिएका मार्गनिर्देशनहरू पृष्ठपोषण सहित पारित गर्ने ।

- महिला तथा बालबालिका सेवा निर्देशनालयले सेवा केन्दको आवश्यकता पहिचान र प्राथपमकता निर्धारण गरि तयार गरेको बार्षिक कार्यक्रम र अनुमानित बजेटलाई नेपाल प्रहरीको बार्षिक कार्यक्रम र बजेटमा समाबिष्ठ गराइदिन आवश्यक पहल गर्ने ।
- महिला तथा बालबालिका सेवा निर्देशनालयले प्रस्ताव गरेको महिला प्रहरी कर्मचारीहरूको दरबन्दि व्यवस्था गर्न आवश्यक पहल गरी सोहि अनुसार खटाइपठाउने व्यवस्था मिलाई दिने ।
- महिला तथा बालबालिका सेवा निर्देशनालयले सेवा केन्दको महिला प्रहरी कर्मचारीहरूको मुल्यांान मापदण्ड अनुसार पुरस्कार तथा सम्मानको लागि प्रस्ताव गरेको कर्मचारीलाई स्विकृत गरि कर्मचारीको मनोबल बढाउने कार्यमा सहयोगको अपेक्षा गरिन्छ ।
- सेवा केन्द्रलाई सक्षम र प्रभावकारी रूपमा स्थापित गर्नको लागि साथै केन्द्रलाई बालमेत्रि र महिला मैत्रि बनाउन जिल्ला प्रहरी कार्यालयलाई प्रेरित गर्नु पर्ने ।
- सेवा केन्द्र र संजाल समितिवाट भए गरेका कार्यहरूको समय समयमा निरिक्षण, अनुगमन गरि आवश्यक मार्ग निर्देशन गरि उत्प्रेरित गरी दिने ।
- सेवा केन्द्रमा कार्य गर्ने उत्कृष्ठ महिला प्रहरी कर्मचारीहरूलाई बैदेशिक तालिम, भ्रमणमा सहभागि गराउन आवश्यक पहल गरि महिला कर्मचारीहरूको अवसरको पहुच बढाउन पहल गर्ने ।
- सेवा केन्द्रलाई सुदृढिकरण गर्ने संभाव्य दातृ निकायहरू संग समन्वय गर्न महिला तथा बालबालिका सेवा निर्देशनालय लाई निर्देशन दिने ।
- सेवा केन्द्रले महिला तथा बालबालिका विरूद्ध हुने अपराध न्युनिकरणको लागि सम्पादन गरेको उपलब्धिहरू सम्वन्धमा प्रचार-प्रसार गर्न प्रहरी प्रधान कार्यालय श्रव्य दृश्य शाखालाई निर्देशन दिने ।
- महिला तथा बालबालिका सेवा केन्द्रले अपराध न्युनिकरणको लागि सम्पादन गरेको उपलब्धिहरू वारेमा सम्वन्धित सवै सरोकारवालाहरूलाई जानकारी गराउन पत्रकार सम्मेलन गर्न महिला तथा बालबालिका सेवा लाईनिर्देशनालय निर्देशन दिने ।

**ग) प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालयवाट अपेक्षित सहयोगहरु देहाय बमोजिम उल्लेख गरिएको छ ।** :-

- केन्द्रस्तरिय सम्वन्धित सरकारी तथा गैर सरकारी निकाय संघ संस्था, दातृ निकायहरूसंग समन्वय गरि सेवा केन्द्रको लागि स्रोत साधन जुटाईदिने व्यवस्था गर्ने ।
- जन- चेतनामुलक श्रव्य,दृश्य, छापा सामाग्रिहरू उत्पादन र प्रकाशन गरि उपलब्ध गराउने
- जि.प्र.का.अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्र, ई.प्र.का.अन्तर्गत इकाई र प्रहरी चौकि अन्तर्गत को उप-इकाईको लागि आवश्यक महिला प्रहरी कर्मचारीको दरबन्दि व्यवस्थाको लागि वकालत गर्ने र जिल्लाको आवश्यकता अनुसार कर्मचारी खटाउन पहल गर्ने ।
- समय-समयमा जिल्लको सेवा केन्द्र, ई.प्र.का.इकाईको अनुगमन गर्ने, आवश्यक निर्देशन दिने ।
- समय सापेक्ष मार्ग निर्देशनहरू तयार गरि लागु गर्न केन्द्रमा पठाउने, सो को अनुगमन गर्ने ।
- केन्द्र, इकाई, उप-इकाईमा कार्यरत कर्मचारीहरूको क्षमता अभिबृद्धि गराउनको लागि मनोसामाजिक वमर्श सिप तालिम, लैङ्गिक अभिमुखि अनुसन्धान सिप, लैङ्गिक मुल प्रवाहिकरण तथा महिला सशक्तिकरण Record Keeping र Reporting बिषयमा तालिम उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने ।

- कार्यरत कर्मचारीहरूको कार्य सम्पादनको मुल्यांकन मापदण्ड बनाई मुल्यांकन गर्ने र पुरस्कार र सम्मानको व्यवस्थाका लागि प्रहरी प्रधान कार्यालयमा सिफारिस गरि कर्मचारीहरूको मनोबल बढाउने, प्रोत्साहित गर्ने ।
- महिला तथा बालबालिका विरूद्धका अपराध निराकरण गर्न सेवा केन्द्रले खेल्नुपर्ने भुमिकाहरूलाई ध्यानमा राखि प्रत्येक वर्ष आवश्यकता पहिचान गरि योजना तर्जुमा बजेट आंकलन गरि नेपाल प्रहरीको बार्षिक कार्यक्रम बजेट बाँडफाँडमा समाबिष्ट गर्ने परिपाटि बसाल्ने सो को लागि आवश्यक वकालत गर्ने ।
- बार्षिक कार्यक्रम र बजेट पारितपछि कार्यान्वयन गर्न जिल्लालाई आवश्यक मार्ग निर्देशन पठाउने र अनुगमन गर्ने ।
- सेवा केन्द्रले पठाएको तथ्यांक तथा सुचनाहरूलाई नियमित रूपमा अध्यावधिक गरि राख्ने ।
- जिल्ला संजाल समितिका सदस्यहरूको क्षमता बिकासको लागि आवश्यक व्यवस्था गर्ने ।
- केन्द्र र जिल्ला संजाल समितिले सम्पादन गरेका कार्यहरूको उपलब्धि आईपरेका समस्या, समस्या समाधानका लागि अपनाइएका उपायहरू र आउने दिनमा चाल्नु पर्ने कदमहरू समेतलाई ध्यानमा राखि जिल्ल स्तर समिक्षा बैठक/गोष्ठिको आयोजना र समिक्षा पुनरावलोकन गर्ने ।
- सेवा केन्द्रले गरेका उपलब्धिहरू सम्वन्धमा समय समयमा पत्रकार सम्मेलन गरि सार्वजनिक रूपमा सम्वन्धित सवैलाई सु-सुचित गर्ने ।
- सेवा केन्द्रले गरेका उपलब्धिहरू समेतेर बार्षिक बुलेटिन प्रकाशित गरि केन्द्र देखि समुदायस्तर सम्मका सरोकारवालाहरूलाई जानकारी आदान प्रदान गर्ने ।

**घ) क्षेत्रिय प्रहरी कार्यालयवाट अपेक्षित सहयोगहरु :-**

- जि.प्र.का.अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, ई.प्र.का.अन्तर्गतको इकाई र प्रहरी चौकि अन्तर्गतको महिला तथा बालबालिका सेवा उप-इकाईको लागि आवश्यक महिला प्रहरी कर्मचारीहरूको दरबन्दिको लागि पहल गर्ने र सो अनुसार कर्मचारी खटाई पठाउन व्यवस्था गर्ने ।
- बेला-बेलामा उक्त इकाई, केन्द्र, उप-इकाईको कार्य सम्पादनको बेला बेलामा निरीक्षण गर्ने, आवश्यक निर्देशन दिने र आई परेको समस्या समाधान गर्न सहयोग गर्ने ।
- महिला तथा बालबालिका विरूद्ध हिंसा न्युनिकरणको लागि उत्कृष्ठ काम गर्ने महिला प्रहरी कर्मचारीहरूलाई पुरस्कार र सम्मान दिन सिफारिस गरि कर्मचारीहरूको मनोवल बढाउन, काम गर्न थप उत्प्रेरणा जगाउने ।
- महिला तथा बालबालिका सेवा केन्द्रलाई दिगो र प्रभावकारी वनाउन बेलाबेलामा जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिने ।
- कर्मचारीहरूको क्षमता विकासको लागि क्षेत्रिय तालिम केन्द्र द्धारा संचालित सम्वन्धित तालिममा सहभागी गराउन सिफारिस गर्ने
- केन्द्रले पठाएको प्रतिवेदन अध्यावधिक गर्ने ।

**ङ) अंचल प्रहरी कार्यालयवाट अपेक्षित सहयोगहरु :-**

- बेला-बेलामा महिला तथा बालबालिका सेवा केन्द्र, ई.प्र.का.अन्तर्गतको इकाई र प्रहरी चौकि अन्तर्गतको महिला तथा बालबालिका सेवा उप-इकाईको निरिक्षण गरि देखिएको उपलब्धि आइ

परेका समस्या, समस्या समाधानको लागि उपायहरू समेतेर क्षेत्रिय प्रहरी कार्यालय र प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालयमा पठाउने ।

**च) जिल्ला प्रहरी कार्यालयवाट अपेक्षित सहयोगहरु :-**

- महिला तथा बालबालिका सेवा केन्द्र, ई.प्र.का.अन्तर्गतको इकाई र प्रहरी चौकि अन्तर्गतको महिला तथा बालबालिका सेवा उप-इकाईको लागि आवश्यक तालिम प्राप्त महिला प्रहरी कर्मचारीहरूको व्यवस्थाका लागि पहल गर्ने ।
- महिनाको एक पटक सेवा केन्द्र, इकाई, उपइकाइमा कार्यरत कर्मचारीहरूको बैठक वोलाउने र भए गरेका उपलब्धिहरू, आइपरेका समस्या वारे व्यापक छलफल गरि समस्या समाधान गर्न सहयोग गर्ने ।
- केन्द्रलाई बाल मैत्रि र महिला मैत्रि बनाउन जोड दिने ।
- केन्द्रमा आउने उजुरी त्यस उपर अनुसन्धान गर्न आवश्यक कारवाहि अधिबढाउन आवश्यक सम्पुर्ण सहयोग गर्ने ।
- महिला बालबालिका विरूद्ध हुने हिंसा अपराध सम्वन्धि केन्द्रमा आएका मौखिक तथा लिखित उजुरी, त्यस उपरको कारवाहि संग सम्वन्धित सम्पुर्ण तथ्याङ्क तथा सुचना अध्यावधिक गर्ने । यस सम्वन्धमा वार्षिक रूपमा जिल्लामा पत्रकार सम्मेलन गरि सार्वजनिक गरि सुचना आदान प्रदान गर्ने ।
- बेला बेलामा ई.प्र.का.र प्रहरी चौकि अन्तर्गतको महिला तथा बालबालिका सेवा इकाई र उप-इकाईमा निरिक्षण गरि हौशला प्रदान गर्ने ।
- महिला तथा बालबालिका सेवा केन्द्रलाई प्राथमिकता क्रम निर्धारण गरि वार्षिक योजना तर्जुमा र बजेट बाँडफाँड गर्न लगाउने र उक्त योजना/कार्यक्रम र अनुमानित बजेटलाई जिल्ला प्रहरी कार्यालयले वार्षिक बजेट/कार्यक्रम बजेटमा समाविष्ट प्रहरी प्रधान कार्यालयमा पारित गराउन पहल गर्ने र सोहि अनुसार कार्यान्वयन गराउने ।
- स्वायत्त शासन ऐन अनुसार महिला तथा बालबालिकाको लागि रहेको बजेतको प्रावधानलाई मध्यनजर राखि सेवा केन्द्रको बार्षिक कार्यक्रमको लागि बजेटको सनिश्चित गर्न जिल्ला विकास समितिका वकालत गर्ने , पहल गर्ने ।

**छ) महिला तथा बालबालिका सेवा केन्द्र जिल्ला संजाल समितिको भुमिका :-**

- गाउँमा महिला तथा बालबालिका विरूद्ध हुने हिंसाहरू र सो को कारणहरू पहिचान गर्ने ।
- गाउँमा महिला तथा बालबालिका प्रति हुने हिंसा अपराध हुन नदिनको लागि समुदाय स्तरमा सचेतनामूलक कार्यक्रम संचालन गर्न सम्बन्धित संघसंस्थालाई सजग गराउन समन्वय गर्ने, आफूहरू पनि संलग्न हुने ।
- सके सम्म महिनाको एक पटक नयाँ गा.वि.स.मा समूदाय स्तरमा प्रहरी कर्मचारीहरू तथा नागरिक समाज विच अन्तरक्रिया गरि महिला तथा बालबालिका विरूद्ध हुने अपराध, हिंसा बारे छलफल गर्ने, हिंसा न्यूनिकरणको लागि समूदाय तथा प्रहरीको भुमिका बारे छलफल गरि पूर्ण जानकारी गराउँने । साथै उक्त अर्न्तक्रिया कार्यक्रममा जिल्ला प्रहरी कार्यालयमा महिला तथा बालबालिका सेवा केन्द्रको उद्देश्य तथा सेवाहरूवारे जानकारी गराउँने अरूलाई समेत यस वारेमा सुसुचित गर्न सहभागीहरूलाई आग्रह गर्ने ।

- वेला वेलामा प्रत्येक गा.वि.स.मा (एक पटकमा नयाँ गा.वि.स.) महिला तथा बालबालिका विरूद्ध अपराध / हिंसा रोक्नका लागि समुदाय, नागरिक, समाज सम्बन्धित सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसंग मिलेर जनचेतना मूलक कार्यत्र्क्रम संचालन गर्ने ।
- पीडित महिला तथा बालबालिकाको आवश्यकतानुसार न्याय दिलाउन सामूहिक पहल गर्ने ।
- पीडकलाई दण्ड सजाय दिलाउन सामूहिक पहल गर्ने ।
- संजाल समितिको सक्रियतामा भए गरेका कार्यहरू सवैको लिखित रूपमा रेकर्ड राख्ने
- कम्तिमा महिनाको एक पटक संजाल समितिको वैठक बस्ने । प्रत्येक वैठकमा अघिल्लो वैठकमा गरिएका निर्णयहरू सवै कार्यन्वयन हुन सक्यो वा सकेन, कुनै हुन नसकेमा के कारणले सकिएन सो को पूनरावलोकन गरि छलफल गर्ने । प्रत्येक वैठकमा आगामी दिनमा गरिने कार्यहरू बारे छलफल गरि लिखित रूपमा बैठक पुस्तिकामा लेख्ने ।
- के कस्ता हिंसाका घटनाहरू, उजुरी परे वा मौखिक आए , जानकारीमा आए पछि छलफल गरि समाधान गरिए सवैको जि.प्र.का.मा रेकर्ड राख्न लगाउने ।
- कुन कुन निकायवाट पीडित पक्षलाई के कस्ता सहयोग उपलव्ध गरियो सवै सुचना संकलन गरि जि.प्र.का.मा रेकर्ड अध्यावधिक गर्न लगाउने ।
- जिल्ला संजाल समितिको सक्रियतामा कारवाही अगाडी बढाईएका केसहरूको सम्बन्धमा सम्बन्धीत निकायहरूसंग समन्वय गरी सवै पक्षवाट गरिएका कारवाहीहरूका प्रयासवारे जानकारि जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्र जिल्ला संजाल समितिमा पठाउँन परिपाटी बसाल्ने ।
- प्रत्येक १ महिनामा संजाल समितिले गरेका कार्यहरूको प्रतिवेदन ( यसै साथ संलग्न नमुना अनुसार प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग महिला तथा बालबालिका सेवा निर्देशनालय नक्साल काठमाण्डौमा छिटो साधन (e-mail, Fax) बाट पठाउँने । प्रतिवेदन पठाउँदा दोस्रो महिनाको पहिला` हप्ता भित्र पठाउँने ।
- पीडितको लागि आवश्यक राहत तथा कानूनी सेवाको लागि संजालका सम्वन्धित सदस्य मार्फत आ-आफ्नो निकाय संघ संस्था मार्फत गर्ने गराउने ।
- सेवा केन्द्रको वार्षिक कार्यक्रम र वजेट निर्धारण गर्न सहयोग गर्ने र जिल्ला बिकास समिति र गाउँ बिकास समितिमा महिला तथा बालबालिका हरूको लागि रहेको बजेट सुनिश्चित गराउन वकालत गर्ने ।
- गाउँ बिकास समिति स्तरमा गठित महिला तथा बालबालिका सेवा उपसंजाल समितिको समय समयमा अनुगमन गर्ने र आवश्यक मार्गनिर्देशन दिने । जिल्ला प्रहरी कार्यालय स्थित सेवा केन्द्रमा मासिक रूपमा सामान्य प्रतिवेदन पठाउन सहयोग गर्ने ।

**(ज) महिला तथा बालबालिका सेवा केन्द्र उप संजाल समितिको भुमिका :-**

वारा जिल्लामा महिला तथा बालबालिका विरूद्ध हुने हिंसा न्यूनीकरण गर्ने प्रयास स्वरूप विभिन्न स्थानिय समुदायहरूमा माध्यम अपनाई जि.प्र.का.र महिला तथा बालबालिका सेवा केन्द्र संचालन गरिएको र सो कार्यक्रमबाट उत्प्रेरित भई स्थानीय महिला तथा पुरूषहरू मिलि आफ्नो क्षेत्रमा महिला तथा बालबालिका विरूद्ध हुने अपराध हिंसालाई नियन्त्रण र रोक थाम गर्न सक्दो सामुहिक प्रयास गर्ने प्रतिवद्धताका साथ

गा.वि.स. स्तरमा महिला तथा बालबालिका सेवा केन्द्र उप-संजाल समिति गठन भई कार्य गरिरहेका छन् तसर्थ हाल गठन भई सकेका र अब गठन हुने उप-संजाल समितिको भूमीका निम्न अनुसार हुने छ :

**निम्न :**

- आफ्नो क्षेत्रमा महिला तथा बालबालिका माथी अपराध हुन नदिनको लागि घर दैलो कार्यक्रम गरी चेतना जगाउने ।
- स्थानीय सरकारी, गह्रै सरकारी , विद्यालय तथा गा.वि.स. संग समन्वय गरी बेला बेलामा समयानुकुल मिलाएर हिंसा रोकथाम सम्बन्धमा जनचेतनामूलक कार्यक्रम गर्ने ।
- कम्तिमा महिनाको १ (एक) पटक उप-संजालको बैठक बसि निर्णयात्मक छलफल गर्ने । बैठकमा छलफल गरी निर्णय गरिएका कुराहरू जिल्ला प्रहरी कार्यालय, जिल्ला संजाल समितिमा पठाउने ।
- आफ्नो क्षेत्रमा महिला तथा बालबालिका विरूद्ध अपराध घटि हालेमा सम्बन्धीत ईलाका प्रहरी कार्यालय वा प्रहरी चौकीमा जानकारी गराउने ।
- घरेलु हिंसाको घटनाहरू ईलाका प्रहरी कार्यालय, प्रहरी चौकीबाट नियमानुसार समाधान गर्न सकिने हकमा सोको लागि आवश्यक सहयोग गर्ने ।
- उप-संजालमा महिला तथा बालबालिका माथी भएका हिंसा सम्बन्धमा आएका निवेदन -उजुरी सो को कारवाहीको लागि उप-संजालले चालेका प्रयासहरू सबैको सुचनाहरू रजिस्टरमा जनाई अभिलेख राख्ने ।
- उप-संजालले महिना भरी गरेका चेतनामूलक कार्य तथा पर्न आएका निवेदन उपर गरेका कार्यहरू बारे मासिक रूपमा ईलाका प्रहरी कार्यालय, प्रहरी चौकी मार्फत, जिल्ला प्रहरी कार्यालय, जिल्ला संजाल समितिलाई पठाउने ।
- महिला तथा बालबालिका माथी घटेका घटनामा कारवाही गर्ने सर्न्दभमा ईलाका प्रहरी कार्यालय, प्रहरी चौकीबाट कारवाही गर्न समस्या परेमा, ईलाका प्रहरी कार्यालय, प्रहरी चौकी मार्फत आवश्यक कारावाहीको लागि जिल्ला प्रहरी कार्यालयमा पठाउन सहजिकरण गर्ने ।
- जिल्ला प्रहरी कार्यालय जिल्ला संजाल समितिले आयोजना गर्ने कार्यक्रममा अर्थपूर्ण सक्रिय सहभागिता हुने ।
- महिला तथा बालबालिका माथी हुने हिंसा रोक थाम सम्बन्धमा कुनै पनि सरकारी, गैह्र सरकारी निकाय, संघसस्थाहरूले आयोजना गर्ने कार्यक्रमहरूमा अर्थपूर्ण सक्रिय सहभागी हुने

## २.४. डोटी जिल्लामा महिला तथा बालबालिका विरूद्ध हुने अपराध/हिंसाको वर्तमान स्थिति

**क) हिंसाका घटनाहरुः-**

- बाल विवाह
- बहुविवाह
- मुखमा एसिड राखिदिने, शरिरमा मट्टितेल खन्याई दिने
- हातखुट्टा भाँचि दिने
- घरमा नै हत्या गरिदिने
- बाल श्रमशोषण

- बलात्कार
- छोरा र छोरी विच विभेद
- यौनजन्य शोषण
- कुटपिट
- खान लगाउन नदिई घर निकाला गरिदिने
- बोक्सिको आरोपमा अमानविय दुर्व्यवहार गर्ने
- धम्किदिने
- मानसिक चोट पुर्याउने

ख) हिंसाका कारणहरु-

- बेरोजगारी
- अशिक्षा, जनचेतनामा कमि
- गरिबि
- परम्परावादि, सामाजिक संरचना, धर्म
- द्वन्द्व
- दण्ड हिनता
- कमजोर सुरक्षा
- फिल्मको नक्कल गर्ने
- राजनैतिक हस्तक्षेप
- कानुनको फितलो कार्यान्वयन
- औषधि सेवन
- मदिरा सेवन

**मिति २०६७/१२/०१ गते देखि २०६८ साल कार्तिक २७ गते सम्म यस कार्यालय तथा मातहत समेतमा महिला तथा बालबालिकाहरु सम्बन्धि घटेका घटनाहरु को संख्यात्मक विवरण :-**

| सि.नं | जिल्ला | मुद्दा शिर्षक | मुद्दा संख्या | फछ्र्यौट | बाकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | डोटी | झुण्डी आत्महत्या | ५ | - | ५ | - |
| २ | डोटी | विष सेवन गरि आात्महत्या | ३ | - | ३ | - |
| ३ | डोटी | कर्तव्य ज्यान | ३ | १ | २ | - |
| ४ | डोटी | अपहरण तथा शरिर बन्धक | ३ | २ | १ | - |
| ५ | डोटी | ज.ज.क. | ४ | ४ | - | - |
| ६ | डोटी | अप्राकृतिक ज.ज.क. | २ | १ | १ | - |
| ७ | डोटी | फुटकर ज्यान | १ | - | १ | - |
| ८ | डोटी | बहुविवाह | २ | २ | - | - |
| ९ | डोटी | सवारी ज्यान | ३ | १ | २ | - |
| १० | डोटी | भवितव्य ज्यान | १ | - | १ | - |
| | | जम्मा | २७ | ११ | १६ | - |

श्रोत : जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्र डोटी ।

**मिति २०६७/१२/०१ गते देखि २०६८ साल कार्तिक २७ गते सम्म यस कार्यालय तथा मातहत समेतमा महिला तथा बालबालिकाहरु सम्बन्धि पर्न आएका निवेदनहरुको संख्यात्मक विवरण :-**

| सि.नं. | जिल्ला | उजुरी शिर्षक | उजुरी संख्या | मातहतमा पठाएको संख्या | मिलापत्र/अदालत पठाएको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | डोटी | कुटपिट | १६ | ८ | ११ वटा मिलापत्र भएको | - |
| २ | डोटी | खान बस्न नदिएको | १३ | ७ | १० वटा मिलापत्र भएको | - |
| ४ | डोटी | बहुविवाह | २ | - | दुवै सम्बन्धमा मुद्धा दायर भएको | - |
| ५ | डोटी | दाईजोको कारण यातना | ८ | ६ | ६ वटा मिलापत्र भएको | - |
| ६ | डोटी | घरवाट निकाला | १ | - | १ वटा मिलापत्र भएको | - |
| ७ | डोटी | गाली गलौज | २२ | २० | १८ वटा मिलापत्र भएको | - |
| ८ | डोटी | ज्युधनको शान्ति, सुरक्षा | ४८ | ३२ | २७ वटा मिलापत्र भएको | - |
| | | जम्मा | १०८ | ७४ | | - |

श्रोत : जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्र डोटी ।

**जिल्ला अदालत डोटीमा महिला तथा बालबालिकाहरु सम्वन्धि आर्थिक वर्ष २०६७/०६८ मा मुद्धा दायर भएको अपराधका घटनाहरु:-**

| अपराधका घटनाहरु | मुद्धा दायर संख्या | Defendent |
|---|---|---|
| बलात्कार | ८ | १० |
| बलात्कारको प्रयास | १ | १ |
| बहु विवाह | २ | ५ |
| बालविवाह | ० | ० |
| मनव बेचविखन | १८ | ० |
| गर्भपतन | २ | १४ |

श्रोत : महान्यायधिवक्ताको कार्यालको बार्षिक प्रतिवेदन सन् २००८/२००९ र २००९/२०१० डोटी जिल्लाको मुद्धाहरू

**आर्थिक वर्ष २०६७/०६८ मा डोटी जिल्लाको मुद्धाहरु सर्वोच्च अदालतमा पेश भएको विवरण:-**

| अपराध मुद्धा | मुद्धा संख्या |
|---|---|
| बलात्कार | १ |
| करणी | ३ |
| गर्भपतन | ० |
| मानव बेचविखन | ० |
| बालविवाह | ० |
| बहुविवाह | १ |
| अनमेल विवाह | ० |
| सम्बन्ध विच्छेद | १८ |
| जारी | ८ |
| अन्य | २ |

**श्रोत : सर्बोच्च अदालत आर्थिक वर्ष २०६७/०६८**

हाल केटिहरूको विवाह गराई दिने उमेर १५ देखि १६ वर्ष उमेर रहेको छ । जुन पहिले १० देखि १२ वर्ष उमेरमा केटिहरूको विवाह गराई दिने प्रचलन थियो ।

डोटी जिल्लामा श्रीमानले अत्यधिक रक्सी सेवन गरि श्रीमतिलाई कुटपिट गर्ने, शारिरीक यातना दिने जस्ता घटना बढि भेटिन्छन । त्यस्तै दाईजो संग सम्बन्धित हिंसाका मुख्य पीडकहरू बढि श्रीमान, सासु, ससुरा भएको Bace line servey २०११ वट जानकारी भएको छ । त्यस्तै गरेर विधवा, गरिब महिलालाई बोक्सीको आरोप लगाई दुर्व्यवहार गर्ने पाईएको ।

स्रोत : **Base line Survey 2011**

# भाग २

## महिला तथा बालबालिका सेवा केन्द्र डोटीको रणनीति

## ३. महिला तथा बालबालिका सेवा केन्द्र डोटीको रणनीतिको परिचय (Introduction of Strategy) :

महिला तथा बालबालिका सेवा केन्द्रले आफ्नो स्थापना कालदेखि नै महिला तथा बालबालिका सम्वन्धमा निजहरूका विरूद्धको अपराध अनुसन्धान गर्ने, निजहरू विरूद्धको अपराध नियन्त्रण तथा रोकथाम गर्ने, निजहरूको अधिकारको संरक्षण र उत्थानमा सहयोग गर्ने, निजहरू संलग्न अपराधको अनुसन्धानमा सहयोग गर्ने, सम्वद्ध निकायहरूसंगको समन्वयमा पीडितलाई सहायता पुर्याउने तथा हराएका महिला तथा बालबालिका हरूको खोज तलास गर्ने साथै महिला तथा बालबालिकाहरूलाई आफ्नो हकहित, अधिकार तथा आफ्नो विरूद्ध हुने जुनसुकै प्रकारका अपराध एवं हिंसाका विरूद्ध सचेत गराउने उद्देश्यका जनचेतनामुलक कार्यक्रम समेत संचालन गर्दै आएको छ । त्यसैले यस सेवा केन्द्रलाई दिगो रूपमा स्थापित र सुदृढ गर्नको लागि साथै प्रभावकारी रूपमा संचालन गर्नको भावि रणनीति तर्जुमा र सोहि अनुसार कार्यान्वयन गर्ने आवश्यकता महशुस गरिएकोले मार्ग निर्देशित गर्न सेवा केन्द्रको यो रणनीति तयार गरिएको छ । जसको कार्यान्वयन वाट महिला तथा बालबालिका विरूद्ध हुने हिंसा न्यूनिकरणको क्षेत्रमा सकरात्मक परिणाम आउन सक्ने विश्वास गरिएको छ ।

## ४. महिला तथा बालबालिका सेवा केन्द्रको रणनीतिको उपादेयता (Rationale of the Strategy of WCSC) :

महिला तथा बालबालिका विरूद्ध हुने अपराधहरू जस्तै जवरजस्ति करणी, जवरजस्ति करणी उद्योग, मानव बेचविखनतथा ओसार पसार, हाडनाता करणी, यौन दुराचार, अप्राकृतिक मैथुन, बैवाहिक बलात्कार, वहु विवाह, घरेलु हिंसा, यौन जन्य अपराधहरू, बालविवाह, श्रमशोषण, यौन दुरव्यवहार, यौन शोषण, यातना, अपहेलना तथा परित्याग, भेदभाव, अश्लिल चित्रमा बालबालिकाको प्रयोग, अपहरण, सशस्त्र द्धन्दमा बालबालिकाको प्रयोग, गैर कानुनी गर्भ पतन आदि मुद्धाहरूको अनुसन्धान तथा तहकिकात पुरूष प्रहरीहरूवाट गर्दा प्रभावित (पीडित) महिला तथा बालबालिकाहरूले लाज, डर, धक मानि सवै कुरा खोल्न नसक्ने जसको कारण पीडितले राहत तथा न्याय पाउन नसकि पीडक (अभियुक्त) सजिलै उम्कन, भाग्न सक्ने भएको कारण दक्ष र तालिम प्राप्त महिला प्रहरी कर्मचारीहरूवाट अनुसन्धान तथा सोधपुछ गर्दा पीडितले न्याय र पीडकले सजाय पाउने स्थितिको सृजना गर्न सकिने कारणले गर्दा महिला तथा बालबालिका सेवा केन्द्रको संरचना सृजना गरिएको हो । महिला तथा बालबालिकाहरूलाई परेको पीर–मर्का, समस्या तथा पीडा सहज रूपमा राखि महिलाहरूवाटै समस्याको समाधान गर्न सकियोस र महिला तथा बालबालिकाको हक–हितको संरक्षण, महिला तथा बालबालिका विरूद्ध हुने विभिन्न अपराधहरूको अनुसन्धान गर्न तथा पीडितलाई उजुरी गर्ने सहज वातावरण प्रदान गर्न महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना भएता पनि विभिन्न भौतिक, मानविय, वित्तिय श्रोत र साधनको कमिको कारण कार्य संचालन गर्न बाधा परिरहेको व्यवहारिक समस्या एकातिर छन् भने अर्को तिर निश्चित मार्गनिर्देशनको अभावको कारण अन्योलमा काम गर्नु पर्ने बाध्यता छ । जस्ले गर्दा आशातित उपलब्धि हासिल गर्न सकिरहेको अवस्था छैन । त्यस कारण एउटा स्पष्ट, निश्चित र समय सापेक्ष दिशाबोध गराउने उद्देश्यले महिला तथा बालबालिका सेवा केन्द्रको रणनीति तयार गर्ने र सोको प्रभावकारी कार्यान्वयन को प्रवल खाँचो महशुस गरी यो रणनीति तयार पारिएको हो । जसको कार्यान्वयन वाट सेवा केन्द्र जुन अवधारणाले स्थापना भएको छ त्यसमा थप आयाम थपिने छ र केन्द्रवाट अपेक्षित परिणाम प्राप्त गर्न सघाउ पुग्नेछ ।

## ५. महिला तथा बालबालिका सेवा केन्दको रणनीति तयार गर्नुको मुल मनसाय (Purpose of the WCSC Strategy) :

डोटी जिल्लामा महिला तथा बालबालिका विरूद्ध हुने गरेका अपराध तथा हिंसाका घटनाहरू न्युनिकरण गर्ने अभियानमा डोटी जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र र केन्द्र संग सम्बन्धित सवै केन्द्रिय स्तर देखि समुदाय स्तर सम्मका सरोकारवालाहरूको ध्यानाकर्षण गर्दै केन्द्रलाई सुव्यवस्थित प्रभावकारि बनाउन र केन्द्रको दिगोपनको लागि मार्ग निर्देशित गर्नु रहेको छ ।

## ६. महिला तथा बालबालिका सेवा केन्दको रणनीति तयार गर्नको लागि अपनाईएको प्रकृयाहरू (Process Adopted to prepare WCSC Strategy) :

**महिला तथा बालबालिका सेवा केन्द्र डोटीको रणनीति तयार गर्नको लागि निम्न प्रकृयाहरु अपनाईएको थियो** :–

- जिल्ला प्रहरी कार्यालय डोटी अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्रलाई प्रभावकारि स्थापित र संचालन गर्नको लागि डोटी जिल्लाको सदरमुकाम सिलगडिमा नागरिक समाज, राजनैतिक दलहरू, विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरू, महिला सामुदायिक संघ संस्था, बाल क्लब, युवा क्लब, अन्तराष्ट्रिय संस्था, मानव अधिकारकर्मि, महिला अधिकारकर्मिहरू, प्यारा लिगल कमिति, वार एसोशियसन, जि.प्र.का.आदि सवैको प्रतिाधित्व हुने गरि डोटीमा नागरिक समाज छलफल गोष्ठिको आयोजना गरिएको थियो । उक्त गोष्ठिका सहभागिहरूले डोटीमा महिला तथा बालबालिका सेवालाई प्रभावकारी ढंगवबट संचालन गरी हिंसा पीडित महिला तथा बालबालिकाहरूलाई न्याय दिलाउन सक्रिय भुमिका खेल्न के गर्नुपर्दछ भनि आफ्ना आफ्ना विचार, सल्लाह, सुझावहरू दिएका थिए । साथै डोटी जिल्लामा महिला तथा बालबालिका विरूद्ध हुने हिंसा, अपराधहरू, यसका कारणहरू, यसको न्युनिकरणको लागि नागरिक समाज, समुदाय सम्वन्धित सरकारी गैह्रसरकारी निकाय संघ संस्थाले खेल्नुपर्ने भुमिका सम्वन्धि व्यवहारिक अमुल्य सुझावहरू दिएका थिए ।
- सदरमुकाम सिलगडिको नागरिक समाज छलफल गोष्ठि पछि समुदाय स्तरका महिला, पुरूष, नागरिक समाज, राजनैतिक दलहरू, मानव अधिकारकर्मि, विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरू, महिला सामुदायिक संघ संस्था, बाल क्लब, युवा क्लब, अन्तराष्ट्रिय संस्था, मानव अधिकारकर्मि, महिला अधिकारकर्मिहरू, प्यारा लिगल कमिति, वार एसोशियसन, ई.प्र.का.आदि सवैको सहभागितामा बनलेक गा.वि.स.र सानागाउँ गा.वि.स.मा नागरिक समाज छलफल गोष्ठि गरिएको थियो । र सहभागिहरूले जि.प्र.का.अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रलाई दिगो, संस्थागत र सुदृढ गरि संचालन गर्नको लागि उपयोगि सुझाव र सल्लाह प्रदान गरेका थिए ।
- नागरिक समाज छलफल गोष्ठि पछि डोटी जिल्लामा विद्यमान हिंसा अपराध, सो को कारण, यस सम्वन्धि जिल्लामा विद्यमान सेवा संयन्त्रहरू र गुणस्तरिय सेवा, नेपाल प्रहरीको सेवा प्रति जनसमुदायको विश्वासको स्तर, र जिल्लामा महिला तथा बालबालिका विरूद्ध अपराध, हिंसा न्युनिकरण गर्नको लागि अव के उपाय अपनाउनु पर्ला भन्ने सम्वन्धमा अपराध अनुसन्धान विभाग महिला तथा बालबालिका सेवा निर्देशनालय वाट August 2012 मा Base Line Survey गराईएको थियो ।

- साथै बेला-बेलामा जिल्लाका सम्वन्धित महिला तथा पुरूषहरूसंग छलफल गरि विचारहरू लिईएको थियो ।
- समिक्षा बैठकको वेलामा पनि सुझावहरू संकलन गरिएको थियो ।

## ७. महिला तथा बालबालिका सेवा केन्द्रको रणनीति

➢ नेपाल प्रहरीको संरचना र सिद्धान्तको आधारमा आगामि पाँच वर्षमा निम्न मुल्य र मान्यतालाई दृढरूपमा लागु गर्न महिला तथा बालबालिका सेवा केन्द्रलाई सथापित गर्ने :–

- महिला तथा बालबालिकाहरूको मानव अधिकारलाई सम्मान
- पीडितहरूको लागि सुरक्षा र संरक्षण गर्ने निकाय
- पीडकहरूको लागि दाईत्व र जिम्मेवार वहन
- बहुआयामिक र सहज पहुँच
- दिगो, एकिकृत र समन्वयात्मक सहकार्य

**डोटी जिल्लाको महिला तथा बालबालिका सेवा केन्द्रको परिकल्पना, ध्येय र उद्धेश्यहरु**

### ७.१. दिर्घकालीन सोंच (Vision) :-

- "डोटी जिल्लामा रहेका सवै वर्गका प्रत्येक महिला तथा बालबालिकाहरूलाई अपराध तथा हिंसावाट मुक्त जीवन यापन गर्न सहयोग गर्ने ।"

### ७.२. ध्येय (Mission) :-

- अपराध/हिंसा रोक्ने एकिकृत अवधारणा साथै संजालको माध्यमवाट प्रतिरोधात्मक उपायद्धारा महिला तथा बालबालिका विरूद्धहुने हिंसा/अपराधको न्युनिकरण गर्ने
- सम्वन्धित निकायसंग समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने
- सम्मानजनक सम्वन्ध विस्तार गर्दै लैजाने
- समुदाय, जि.प्र.का.र सेवा केन्द्रले संयुक्त रूपमा कार्य गर्दै जाने

### ७.३. डोटी जिल्लाको महिला तथा बालबालिका सेवा केन्द्रको उद्देश्यहरू (WCSC objectives) :

आउने पाँच वर्षमा महिला तथा बालबालिका सेवा केन्द्र डोटीको निम्न उद्देश्यहरू हुनेछ र प्रत्येक उद्देश्य मापनका आधार निम्न हुनेछन् ।:-

### उद्धेश्य १:-

**महिला तथा बालबालिका विरुद्धहुने घरेलु हिंसा, यौनिक शोषण, यौनजन्य अपराध, बालयौन दुर्व्यवहार, जस्ता अपराध/हिंसाहरुको प्रभावकारी रुपमा नियन्त्रण गर्ने, अनुसन्धान गर्ने तथा कारवाहि गरि पीडितलाई न्याय दिलाउने ।**

### मापनका आधारहरू :-

**उपरोक्त उद्देश्य १ प्राप्त भयो वा भएन भनि ५ वर्षमा मापन गर्ने आधारहरु निम्न हुनेछ :-**

- डोटी जिल्लामा महिला तथा बालबालिका विरूद्धहुने अपराध, हिंसाका घटनाहरू २० प्रतिशतले घटेको हुनेछ ।

- जि.प्र.का./महिला तथा बालबालिका सेवा केन्द्रमा घरेलु हिंसा सम्वन्धि उजुरी गर्नेको संख्या २५ प्रतिशतले वृद्धि भएको हुनेछ ।
- सेवा केन्द्रमा बलात्कार, बलात्कारको प्रयास, बालयौन दुर्व्यवहार जस्ता अपराधको उजुरी गर्नेको संख्या १५ प्रतिशतले बृद्धि भएको हुनेछ ।
- बलात्कार, बलात्कारको प्रयास, बालयौन दुर्व्यवहार जस्ता अपराध सम्वन्धि मुद्धाहरू जिल्ला अदालतमा दायर क्रम १५ प्रतिशतले बृद्धि भएको हुनेछ ।

## ७.४ महिला तथा बालबालिका सेवा केन्द्रको उद्धेश्य अनुसारको रणनीतिहरू (Strategy) :

**उद्देश्य १ प्राप्ति गर्न महिला तथा बालबालिका सेवा केन्द्रको लागि निम्न रणनीति (Strategy) अवलम्वन गरी व्यवहारमा कार्य रुपमा कार्यान्वयन गरिनेछ :-**

**रणनीति (क) जनचेतनामुलक अभियान रणनीति**
**(Public Awareness Campaign Strategy) :-**

जन समुदाय देखि स्थानिय समुदाय स्तरसम्म जिल्लामा महिला तथा बालबालिका विरूद्ध भैरहेका हिंसा, अपराधको त्यसवाट निस्केका परिणामहरू वारे बोध गराई अव आउने दिनमा यस्ता घटनाहरु नदोहोऱ्याउनको लागि श्रव्यदृष्य, Print सामग्रिको माध्यमवाट सन्देश प्रवाह गरि महिला, पुरूष, केटाकेटी, यूवा वर्ग सवैलाई निरन्तर चेतना जागरण गर्ने,सो को अनुगमन गर्ने रणनीति अपनाईने छ ।

| सि नं | कार्यहरु (Action Points) | जिम्मेबार निकाय |
|---|---|---|
| १ | जनचेतनामुलक मैथली भाषाको टेलिफिल्म, भिडियो डकुमेन्ट्रि देखाउने र सो वारे व्यापक अन्तर क्रिया गर्ने | जि.प्र.का.,जिल्ला संजाल समिति, ई.प्र.का., प्रहरी चौकि |
| २ | सन्देशमुलक पोष्टरहरू, फ्लेक्सहरू समुदायको कुना कन्दरा सम्म सार्वजनिक स्थलहरूमा प्रदर्शन गरि वोध गराउने | जि.प्र.का.,जिल्ला संजाल समिति, ई.प्र.का., प्रहरी चौकि |
| ३ | स्थानिय भाषामा सडक नाटक देखाउने र सो को सन्देश वारे अन्तरक्रिया गर्ने प्रत्येक समुदायमा ईलाका प्रहरी कार्यालय/प्रहरी चौकिको टिम र जनसमुदाय (महिला, पुरूष, केटा-केटी, युवा) विच बेला-बेलामा सामुदायिक अन्तरक्रिया वैठक गरि अपराध - हिंसाको सवाल र सो सम्वन्धि कानूनी व्यवस्थाहरू वारेमा अन्तरक्रिया गर्ने । | जि.प्र.का.,जिल्ला संजाल समिति, ई.प्र.का., प्रहरी चौकि |
| ४ | जनचेतनामुलक रेडियो नाटक तथा जिंगलहरू स्थानिय रेडियो FM हरूवाट उपयुक्त समय निर्धारण गरि प्रचार-प्रसार गर्ने । | जि.प्र.का.,जिल्ला संजाल समिति |
| ५ | समय समयमा सवै जनसमुदाय, राजनैतिक दल, नागरिक समाज, सरकारी तथा गैर सरकारी निकाय, विभिन्न संघ संस्था, महिला सहकारी संस्था, महिला समुह, मानव अधिकार कर्मि,प्यारा लिगल कमिति, बाल क्लब, युवा क्लब, संजाल समिति सवैको सहभागितामा चेतनामुलक ऱ्यालि निकाल्ने । | जि.प्र.का.,जिल्ला संजाल समिति, ई.प्र.का., प्रहरी चौकि |

**रणनीति (ख) बालबालिका तथा युवा परिचालन रणनीति (Child and Youth Mobilization Strategy) :**

बालबालिका तथा युवावर्गहरू नेपाल प्रहरीद्धारा संचालन गरिने हिंसा निराकरण गर्नमा साथ दिन सक्ने लक्षित समुह हुन । यिनिहरूको माध्यमद्धारा परिवार तथा समाजमा परिवर्तन ल्याउन सकिन्छ । किन भने यि समुहहरू विभिन्न संघ संस्था, सामाजिक कार्य, सेवा प्रदान गर्ने आदि जस्ता संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष आवद्ध भएका हुनछन् । त्यसकारण स्कुल तथा कलेजमा समन्वय गरि यि वर्गलाई परिचालन गरिनेछ ।

| सि नं | कार्यहरु (Action Points) | जिम्मेबार निकाय |
|---|---|---|
| १ | स्कुल, कलेजमा बेला बेलामा महिला तथा बालबालिका विरूद्ध हुने अपराध, हिंसा र त्यसवाट निस्केको परिणाम र त्यस्ता घटनाहरू घट्न नदिन विद्यार्थीहरूले खेल्नुपर्ने भुमिका वारे उपयुक्त विधिहरू अपनाई सचेतनामुलक अन्तरक्रिया कार्यक्रम गर्न र यसवाट उनिहरूमा परेको प्रभाव वारे अनुगमन गर्ने । | जि.प्र.का.,जिल्ला संजाल समिति |
| २ | विद्यार्थी सचेतना समुह गठन गर्ने, उनिहरूले संचालन गर्ने क्रियाकलापहरूको अभिलेख राख्ने, बेला बेलामा अनुशिक्षण दिने र अनुगमन गर्ने | जि.प्र.का.,जिल्ला संजाल समिति |
| ३ | उनीहरू मार्फत अन्य स्कुल तथा स्कुल बाहिरका केटा केटि युवा समुदायमा सन्देश प्रवाह गराउन ( संबन्धित ईलाका प्रहरि कार्यालय/प्रहरी चौकिले ) आवश्यक सहयोग गर्ने । बालबालिकालाई हिंसा हुन वाट कसरी जोगाउने, हिंसाका प्रकार, स्तर, बालबालिकाहरूलाई हुन सक्ने जोखिम र यसवाट वचाउन सान्दर्भिक उपायहरू साथै घटना देख्नेहरू लुकेर होईन निडर र निर्धक्क भै नजिकको प्रहरी कार्यालयमा सुचना दिन जानु पर्दछ भनि आधारभूत सुचना प्रवाह गराउन उत्प्रेरित गर्नु पर्दछ । जसले गर्दा केटा केटिको आत्माविश्वास वढाउन र ढृद हुन मद्दत पुग्दछ । र हिंसा रोक्ने कार्यमा प्रभावकारिता आउँछ । | जि.प्र.का.,जिल्ला संजाल समिति, ई.प्र.का., प्रहरी चौकि |
| ४ | बालबालिका तथा युवा परिचालन गर्दा आवश्यक सचेतनामुलक सामग्रीहरू उपलब्ध गराउने । | जि.प्र.का. |

**रणनीति (ग) पीडितहरुको सेवाको पहुँचमा प्रभावकारी सुधारको रणनीति (Effective Improvement Strategy) :**

नेपाल प्रहरीको सेवा सम्वन्धमा समुदाय/पीडितहरूलाई विश्वस्त राख्न प्रभावकारी वातावरण सृजना गरी आवश्यक सुधार ल्याईनेछ ।

| सि नं | कार्यहरु (Action Points) | जिम्मेबार निकाय |
|---|---|---|
| १ | अपराध/हिंसा हुने शंकास्पद ठाउँहरूको पहिचान गरि सुरक्षाको लागि प्रहरीहरूको उपस्थिति गरिने | जि.प्र.का. |
| २ | हिंसा पीडितहरूको उजुरी आउनासाथ तदारूकताका साथ कारवाहि अघि बढाउन तत्काल अनुसन्धान गरि पीडित हरूलाई न्याय दिलाउन र पीडकलाई कानूनी सजाय दिलाउन पहल गर्ने । | जि.प्र.का. र जिल्ला संजाल समिति |
| ३ | समुदायको प्रत्येक क्रियाकलापमा आवश्यकता अनुसार प्रहरीहरूको उपस्थिति गरिने र सक्रिय सहभागिता हुने । | जि.प्र.का. |
| ४ | महिला तथा बालबालिका विरूद्ध भएका अपराध/हिंसाहरू र पीडितहरूलाई न्याय दिलाउन र पीडकहरूलाई कानुनको कठघरामा ल्याईएको विवरणवारे अर्धवार्षिक रूपमा सार्वजनिक सुनुवाही गर्ने । | जि.प्र.का. |

## उद्देश्य २ः–

**बालविवाह, बहुविवाह, अनमेल विवाह, जवरजस्ति विवाह, दाईजोको कारण दुर्व्यवहार, मानव वेचविखन तथा ओसार पसार, बोक्सिको आरोप लगाई दुर्व्यवहार जस्ता अमानविय अपराध/हिंसाका घटनाहरुको नियन्त्रण गर्ने, अनुसन्धान गर्ने तथा कारवाहि गरि पीडितलाई राहत र पीडकलाई कारवाहि गर्न सहयोग गर्ने ।**

### मापनका आधारहरु :–

**उद्देश्य २ प्राप्त भयो वा भएन भनि पहिचान गर्ने, मापन गर्ने आधारहरु निम्न हुनेछ :–**

- बालविवाह, अनमेल विवाह, जवरजस्ति विवाह सम्वन्धि मुद्धाहरूको सेवा केन्द्रमा उजुरी संख्या १० प्रतिशतले बृद्धि भएको हुनेछ ।
- दाईजोको कारण दुर्व्यवहार सम्वन्धमा सेवा केन्द्रमा उजुरी संख्या १० प्रतिशतले बृद्धि भएको हुनेछ ।
- बोक्सिको आरोप लगाई दुर्व्यवहार सम्वन्धमा सेवा केन्द्रमा उजुरी संख्या ५ प्रतिशतले बृद्धि भएको हुनेछ ।
- मानव बेचविखन तथा ओसार पसार सम्वन्धमा सेवा केन्द्रमा उजुरी संख्या १० प्रतिशतले बृद्धि भएको हुनेछ ।
- सेवा केन्द्रमा उजुरी गरिएको मध्य कारवाहि भई कम्तिमा ६० प्रतिशत पीडितहरूको समाजमा पुर्नस्थापना गरिएको हुनेछ ।

**यस उद्देश्य २ प्राप्ति गर्न महिला तथा वालवालिका सेबा केन्द्रको लागि निम्न रणनीति (Strategy) अवलम्वन गरी ब्यवहारमा कार्य रुपमा कार्यान्वयन गरिनेछ :-**

**रणनीति (क) कानूनी उपचार वारे चेतना जागरणको रणनीति (Legal Literacy Strategy) :**

अपराध हिंसा गरेमा के-कस्ता सजाय हुने कानूनी व्यवस्था छन् भन्ने सम्वन्धमा अनभिज्ञ हुने हुँदा पनि अपराध तथा हिंसाका घटनाहरू घट्ने गरेको पाईन्छ । बालविवाहको कारण आफ्नै सन्तानले भोग्नुपर्ने समस्याहरू (मातृ मृत्यु, प्रसव समस्या, मानसिक यातना) वारे ज्ञान नभएर पनि वारा जिल्लामा अझै बालविवाहको घटना घटिनै रहेको छ तर यसको सुचना प्रहरी कार्यालयमा आउने क्रम भने नगन्य हुन्छ । त्यस कारण बालविवाह, अनमेल विवाह, जवरजस्ति विवाह, दाईजोको कारण हुने दुर्व्यवहार, हत्या, बोक्सिको आरोप, मानव बेचविखन तथा ओसार पसार जस्ता अमानविय दुर्व्यवहार वाट पर्ने असर र यसका पीडकहरूलाई पाउने सजाय सम्वन्धित सरोकारवाला संघसंस्था संग समन्वय गरी कानुनी साक्षरता अभियानको रणनीति अवलम्वन गरिनेछ ।

| सि नं | कार्यहरु (Action Points) | जिम्मेबार निकाय |
|---|---|---|
| १ | स्थानिय रेडियो FM बाट स्थानीय भाषामा सन्देशमुलक रेडियो नाटक र जिंगलहरू प्रशारण गर्ने | जि.प्र.का. र जिल्ला संजाल समिति |
| २ | सडक नाटक, टेलिफिल्म, डकुमेन्टिवाट सन्देश प्रवाह गर्ने | जि.प्र.का. र जिल्ला संजाल समिति |
| ३ | सम्वन्धित सरोकारवाला हरूको समन्वय र सहकार्यमा समुदायमा कानूनी समस्या वारे अभिमुखिकरण गर्ने | जि.प्र.का. र जिल्ला संजाल समिति, नेपाल बार एशोसिएशन |
| ४ | स्कुल तथा कलेजहरूमा कानुन व्यवस्थावारे अभिमुखिकरण गर्ने | जि.प्र.का. र जिल्ला संजाल समिति,जि.शि.का., म.तथा बा.बा. कार्यालय, नेपाल बार एशोसिएशन |
| ५ | महिला तथा बालबालिका सेवा केन्द्रहरूको समन्वयमा किशोर किशोरीहरूको समुह मार्फत बालविवाह नियन्त्रण कार्यमा सहयोग गर्ने | जि.प्र.का. र जिल्ला संजाल समिति, म.तथा बा.बा. कार्यालय |
| ६ | प्रहरी र समुदाय विच अन्तरक्रिया गरी सन्देश प्रवाह गर्ने | जि.प्र.का. र जिल्ला संजाल समिति |

| रणनीति (ख) प्रहरीमा दाखिला हुने सुचना/उजुरी प्रति प्रभावकारी कारवाहिको रणनीति |
|---|

| सि नं | कार्यहरु (Action Points) | जिम्मेबार निकाय |
|---|---|---|
| १ | सहि सुचना दिने व्यक्तिलाई कुनै कार्यक्रमको बेला पारि सम्मान गरि उत्साह प्रदान गर्ने संरचना सुनिश्चित गर्न पहल गर्ने | जि.प्र.का., जि प्रशासन कार्यालय |
| २ | प्राप्त सुचना/उजुरी उपर प्राथमिकताका साथ निश्चित अवधिमा कारवाहि अघि बढाई पीडितलाई न्याय दिलाउने र पीडकलार्य कानूनी सजाय दिलाउन | जि.प्र.का., जिल्ला अदालत |
| ३ | घटना र कारवाहिको सहि सुचनालाई अध्यावधिक गरि केन्द्र मा नियमित प्रतिवेदन पेश गर्ने | जि.प्र.का. |
| ४ | पीडितलाई न्याय दिलाईएको घटनालाई आकर्षित गर्दै Case Study तयार गर्ने | जि.प्र.का. र जिल्ला संजाल समिति |

**उद्देश्य ३ः-**

**सेवा केन्द्रलाई सक्षम, गुणस्तरिय, पुर्ण सुविधा सम्पन्न केन्द्रको रुपमा स्थापित गरि प्रभावकारी र सर्वोकृष्ठ उपायवाट पीडितहरुको न्यायमा पहुँच बढाउने ।**

**मापनका आधारहरु :-**

- हिंसावाट पीडित महिला, बालिका, किशोरीहरू कारवाहि हुने विश्वासका साथ सेवा केन्द्रमा आउने क्रम १५ प्रतिशतले बृद्धि हुनेछ ।
- हिंसा पीडित ४० प्रतिशत महिला तथा बालबालिकाहरूले सेवा केन्द्रवाट परामर्श सेवा प्राप्त गरेका हुनेछन् ।
- सेवा केन्द्रमा उजुरी परेको मध्य ५० प्रतिशत पीडितहरूको समाजमा पुर्नस्थापना भएको हुनेछ ।
- अपराध/हिंसा अनुसन्धानको क्रममा आवश्यक आधुनिक यन्त्र सहितको सामाग्रिहरू, सेवा केन्द्रले प्रयोग गरिरहेको हुनेछ ।
- कम्प्युटरमा हिंसा पीडितहरूको उजुरी, त्यस उपरको कारवाहि जस्ता आवश्यक तथ्याङ्क तथा सुचनाहरू अध्यावधिक गरि राखिएको हुनेछ ।
- सेवा केन्द्रमा तालिम प्राप्त अधिकृत लगाएत ५ जना महिला प्रहरीको दरबन्दि र सोहि अनुसार नियमित काम गरि सेवा प्रदान गरिरहेको हुनेछ ।
- सेवा केन्द्रको वार्षिक योजना र वजेटकोतर्जुमा र कार्यान्वयन गरिएको हुनेछ ।
- सेवा केन्द्रको वार्षिक समिक्षा भई सुधारका कार्य भएको हुनेछ ।

| **रणनीति (क) केन्द्रको कर्मचारी सम्वन्धि रणनीति (Personnel Strategy) : ?** |
|---|
| महिला तथा बालबालिका सेवा केन्द्रलाई एउटा सक्षम र प्रभावकारी केन्द्रको रूपमा स्थापित गराउन त्यस केन्द्रमा कस्ता क्षमता भएका के कस्ता संख्यामा कस्तो पदको दरबन्दि र के कस्तो भौतिक पुर्वाधारहरू अत्यावश्यक पर्दछ भन्ने कुरालाई जवसम्म प्राथमिकताका साथ हेरिदैन तवसम्म केन्द्र केवल नाममात्रमा सिमित रहनेछ । त्यसकारण डोटीमा केन्द्रको वर्तमान स्थितिलाई मध्यनजर राखि यस कर्मचारी सम्वन्धि रणनीति अपनाईने छ । |

| सि नं | कार्यहरु (Action Points) | जिम्मेबार निकाय |
|---|---|---|
| १ | **कर्मचारी दरवन्दि र संरचनाः** केन्द्रको अवधारणा अनुसार जिल्ला प्रहरी कार्यालय अन्तर्गत सदरमुकाम स्थित महिला तथा बालबालिका सेवा केन्द्रमा तालिम प्राप्त कम्तिमा एक जना महिला प्रहरी निरीक्षक, एक जना महिला सहायक प्रहरी निरीक्षक, एक जना महिला अतिरिक्त सहायक निरीक्षक, एक जना महिला प्रहरी हवल्दार र एक जना महिला प्रहरी जवान व्यवस्था गरिनेछ । इ.प्र.का.मा महिला तथा बालबालिका सेवा केन्द्र इकाई राखि कम्तिमा १ अ स इ , १ प्र ह, १ प्र ज को ब्यवस्था गरीनेछ । साथै प्रत्येक प्रहरी चौकिमा म.तथा.बा.बा.सेवा उपईकाइ राखि कम्तिमा १ जना महिला प्रहरी हवल्दार र एक जना महिला प्रहरी जवानको व्यवस्था गरिनेछ । | जिल्ला प्रहरी कार्यालयको आन्तरिक कर्मचारी व्यवस्थापनवाट मिलाउने र आवश्यक थप दरबन्दीको लागि मजकुर कार्यालयमा जाहेर गर्ने । |
| २ | **कर्मचारीहरूको क्षमता अभिबृद्धिः-** सेवा केन्द्र, ईकाई, उपइकाईमा प्रत्यक्ष संलग्न भै काम गर्ने महिला तथा अन्य प्रहरी कर्मचारीहरूलाई महिला तथा बालबालिका विरूद्धका हिंसा न्युनिकरण तथा पीडितलाई प्रभावकारी सेवा दिने शिलशिलामा आवश्यक पर्ने निम्न क्षमता विकास गर्ने तालिम प्रदान गरि अनुगमन गरिने छ :<br>● मनो बिमर्श सिप तालिम<br>● लैङ्गिक अभिमुखि अनुसन्धान सिप तालिम<br>● लैङ्गिक मुलप्रवाहिकरण तथा महिला सशक्तिकरण सम्वन्धि तालिम<br>● सेवा केन्द्र व्यवस्थापन (योजना तर्जुमा, कार्यान्वयन, अभिलेख र प्रतिवेदन तयार सहित) सम्बन्धित तालिम आदि | जिल्ला प्रहरी कार्यालयले जिल्लामा तालिम प्रात प्रहरी कर्मचारी तथा संजाल सदस्य मध्यवाट तालीम दिने व्यवस्था मिलाउने |
| ३ | **कर्मचारी प्रति सकरात्मक विभेदः-** महिलाहरूको जैविक भिन्नता अनुसारको आवश्यकतालाई आत्मसात गर्दै साथै सकरात्मक विभेदको राष्ट्रिय नीतिलाई कार्यान्वयन गर्न सघाउ पुर्याउने सेवा केन्द्र, इकाई, उप-इकाईहरूमा महिला प्रहरी कर्मचारीहरूको लागि भिन्नै शौचालय तथा लुगा फेर्ने कोठाहरूको व्यवस्था गरि काम गर्न उत्साहित वातावरण सृजना गरिनेछ । साथै बच्चालाई दुध खुवाउने अवस्थाका महिला कर्मचारी हरूको हकमा बाल अधिकारलाई समेत ध्यानमा राखि लचिलो समयको व्यवस्था गरिनेछ । | जिल्ला प्रहरी कार्यालय |
| ४ | **दण्ड र पुरस्कारः-** सेवा केन्द्र, इकाई, उप-इकाईमा राम्रो र इमान्दार भएर काम गर्ने कर्मचारीलाई वैदेशिक तालिम, पुरस्कार आदिको व्यवस्था गरिनेछ ।<br>● FPU MISSION को मनोनयनको लागि जि.प्र.का.ले सिफारिस नामावलि पठाउने । | प्रहरी प्रधान कार्यालय, क्षेत्रिय प्रहरी कार्यालय, जि.प्र.का., अ.अ.विभाग र महिला तथा बालबालिका सेवा निर्देशनालय |

**रणनीति (ख) आवश्यक श्रोत साधन व्यवस्था गर्ने रणनीति (Resource Management Strategy) :**

| सि नं | कार्यहरु (Action Points) | जिम्मेबार निकाय |
|---|---|---|
| १ | पीडित महिला तथा बालबालिकाहरू को उपर उजुरी कारवाहि गर्न अनुसन्धान को क्रममा आवश्यक सामग्रिहरूको व्यवस्था गरिनेछ । | जि.बि.स., जि.प्र.का. |
| २ | कम्प्युटर, प्रिन्टर, **Voice Recorder, Digetal Camera, Multi Media** जस्ता आवश्यक सामग्रिहरूको व्यवस्था गरिनेछ । | जि.प्र.का. |
| ३ | जिल्ला प्रहरी कार्यालयले प्रयोगमा ल्याउने गरेका गाडिहरू केन्द्रले पनि आवश्यकता अनुसार प्रयोग गर्न सक्नेछ । | जि.प्र.का. |
| ४ | केन्द्रको लागि भिन्नै भवन हुनेछ । केन्द्रको भवन महिला मैत्रि र बालमेत्रि हुनेछ । केन्द्रको भवनमा पीडितहरूलाई मरामर्श सेवा प्रदान गर्न मिल्ने भिन्नै कोठाको व्यवस्था गरिनेछ । | जि.प्र.का. |
| ५ | अनुसन्धानको क्रममा पीडितलाई रातबिरात २४ घण्टा केन्द्रमा सुरक्षित साथ राख्नुपर्ने अवस्थामा आवश्यक भान्छाको सामग्रिहरू तथा वेडहरूको व्यवस्था गरि तत्काल राहत प्रदान गरिनेछ । | जि.प्र.का. |
| ६ | केन्द्रको भवनमा पिडितलाई मनोबिमर्श सेवा प्रदान गर्न भिन्नै कोठाको ब्यबस्था गरिने छ । | जि.प्र.का. |

**रणनीति (ग) योजना तथा कार्यक्रम /वजेट सम्वन्धि रणनीति (Planning Programming Strategy) :**

महिला तथा बालबालिका सेवा केन्द्रले केन्द्रलाई सक्षमतापुर्वक संचालन गर्नको लागि योजना तथा कार्यक्रम तर्जुमा र सोहि अनुसार बजेतको आंकलन गरि कार्यान्वयन गर्ने कुरा एउटा महत्वपुर्ण रणनीति भित्र पर्दछ । जुन लागु गर्नु अनिवार्य हुन्छ । हचुवाको भरमा केन्द्र संचालन गर्दा केन्द्रको उद्देश्य कहिले पनि प्राप्त हुन सक्दैन त्यस कारण केन्द्रलाई जिल्ला स्तर योजनाको मुलधारमा ल्याउनकोलागि प्रत्येक वर्ष केन्द्रमा बार्षिक योजना कार्यक्रम, बजेट हुनु आवश्यक भएको र जिल्ला स्तर योजनाको मुल धारमा ल्याउनको लागि सोहि अनुसार रणनीति अवलम्वन गरिएको हुनेछ ।

| सि नं | कार्यहरु (Action Points) | जिम्मेबार निकाय |
|---|---|---|
| १ | केन्द्रले जिल्ला प्रहरी कार्यालयको वार्षिक वजेट सिलिङ्को कम्तिमा २५ प्रतिशत सिलिङ प्राप्त गरि केन्द्र, ईकाई, उप इकाई समेतको आवश्यकता पहिचान गरि प्राथमिकताको आधारमा बार्षिक योजना तर्जुमा हुन सकेमा सोहि अनुसार बजेट बाँडफाँड गरि जिल्लाको योजनामा समावेश गरि कार्यान्वयन गरिनेछ । | जि.प्र.का. |
| २ | जिल्लामा ईलाका स्तरिय योजना तर्जुमा गोष्ठि हुँदा सम्बन्धित इ.प्र.का. र प्रहरी चौकी अन्तर्गत रहेको महिला तथा बालबालिका सेवा ईकाइ, उप इकाईको आवश्यकता पहिचान गरि प्राथमिकताका साथ म.तथा बालबालिका विरूद्ध हुने अपराध/हिंसा निराकरण संग सम्वन्धित क्रियाकलाप र बजेत व्यवस्थाको लागि वकालत गरि ईलाका स्तरिय योजनामा समावेश गर्न लगाउने परिपाटि बसालिनेछ | जि.बि.स., जि.प्र.का., म.तथा बा.बा.सेवा केन्द्र |
| ३ | उक्त इलाका स्तरिय योजना तर्जुमाको बेलामा स्वायत्त शासन ऐनले उल्लेख गरेको महिला तथा बालबालिकाको लागि राखिएको वजेट वाट पनि कार्यक्रम समावेश गर्न वकालत गर्ने व्यवस्था गरिनेछ । | ई.प्र.का., गा.वि.स., जि.बि.स. |
| ४ | योजना तर्जुमा गर्दा पीडित पक्षको सम्भाब्य आवश्यकता पहिचान समेत गरि पीडितलाई राहत पुग्ने , मनोबिमर्श सेवा, अनुसन्धानको क्रममा केन्द्रमा राख्दा आवश्यक सामग्री चेतनामुलक कार्यक्रमलाई समेत ध्यान दिई कार्य गरिने छ । | जि.प्र.का., म.तथा बा.बा.सेवा केन्द्र |

**रणनीति (घ) चुस्त दुरुस्त तथ्याङ्क तथा सुचनाको अध्यावधिकता सम्बन्धि रणनीति (Clear Data/Information updating Strategy) :**

| सि नं | कार्यहरु (Action Points) | जिम्मेबार निकाय |
|---|---|---|
| १ | सेवा केन्द्रले तालिम प्राप्त कर्मचारी मार्फत हिंसा पीडितहरूको उजुरी दर्ता, सो को कारवाहिहरू आफुले कार्यान्वयन गरेका क्रिया कलापहरू उपलब्धिहरू सवै कम्प्युटरमा अध्यावधिक गर्ने छ । सोहि अनुसार समयमै मासिक र चौमासिक प्रतिवेदन अंचल, क्षेत्रिय र केन्द्रिय कार्यालयमा पठाउने व्यवस्या गर्ने छ । | जि.प्र.का., म.तथा बा.बा.सेवा केन्द्र |
| २ | पीडितलाई न्याय प्रदान गरि समाजमा पुर्नस्थापित गराउने र सो को सफल कथा तयार गर्ने र यस सुचनालाई पनि कम्प्युटरमा अध्यावधिक गर्ने र प्रतिवेदनमा पनि समावेश गर्ने । | जि.प्र.का., म.तथा बा.बा.सेवा केन्द्र |
| ३ | सेवा केन्द्रले गरेका उपलब्धिहरू वार्षिक रूपमा जिल्ला प्रहरी कार्यालयको प्रगति पुस्तिकामा समावेश गर्ने । | जि.प्र.का., म.तथा बा.बा.सेवा केन्द्र |
| ४ | महिला तथा बालबालिका विरूद्ध हुने हिंसा तथा सो को उजुरी कारवाहि सम्वन्धि तथ्याङ्क र जिल्लाको सुचनाको सम्पर्क विन्दुको रूपमा कार्य गर्ने । | जि.प्र.का., म.तथा बा.बा.सेवा केन्द्र |
| ५ | अध्यावधिक तथ्याङ्क तथा सुचनालाई बार्षिक रूपमा सार्वजकि सुनुवाई गरिनेछ । | जि.प्र.का., म.तथा बा.बा.सेवा केन्द्र |

**रणनीति (ङ) समिक्षा गर्ने रणनीति (Review Strategy) :**
सेवा केन्द्रले आफुले गर्दै आएको कार्यहरू उपलब्धि, यीनिहरूको सकारात्मक नकारात्मक असरहरू, काम गर्दा आई परेका समस्या र अपनाईएका उपायहरू र आगामि दिनहरूमा चाल्नुपर्ने कदमहरू बारेमा व्यापक छलफल गरि निष्कर्श निकाल्न अर्ध वार्षिक रूपमा समिक्षा गर्न अत्यावश्यक भएकोले यो रणनीति अपनाइएको छ ।

| सि नं | कार्यहरु (Action Points) | जिम्मेबार निकाय |
|---|---|---|
| १ | छ महिनाको एक पटक जिल्ला भित्रका ईलाका प्रहरी कार्यालय, प्रहरी चौकि अन्तर्गतको महिला तथा बालबालिका सेवा इकाई, उप इकाईमा कार्यरत प्रहरी कर्मचारी हरूलाई जिल्ला सदरमुकाममा बोलाई समिक्षा गर्ने र गोष्ठि गर्ने र आगामि दिनमा गर्नुपर्ने कार्यहरू, चाल्नु पर्ने कदमहरू वारेमा सहमतिमा जाने | जि.प्र.का. |
| २ | जिल्ला वाट इकाई र उप इकाईको अनुगमन गर्ने र आवश्यकता अनुसार दिशाबोध गराउने | जि.प्र.का., म.तथा बा.बा.सेवा केन्द्र |
| ३ | जिल्ला भरिको महिला तथा बालबालिका माथिको अपराध, उजुरी कारवाहिको वार्षिक समिक्षा गरि सम्वन्धित सरोकारवाला पत्रकार सवैलाई सुचना आदान प्रदान गर्ने, अन्तरक्रिया गर्ने । | जि.प्र.का., म.तथा बा.बा.सेवा केन्द्र |

### उद्देश्य ४ः-

**महिला तथा बालबालिका विरुद्ध हुने अपराध तथा हिंसाको सवाल, सरोकार र सो को न्युनिकरणको लागि सेवा केन्द्र र सरोकारवाला सरकारी तथा गैह्रसरकारी निकाय, संघ संस्था, नागरिक समाज मिलि सामुहिक कार्य गर्न संजाललाई सुदृढ र संस्थागत गर्ने ।**

### मापनका आधारहरु :-

- हिंसावाट पीडित महिला तथा बालबालिकाहरू लाई आवश्यक सेवा प्रदानका लागि सम्वन्धित सेवा प्रदायक सरोकारवालाहरू मा सिफारिश गरि पठाउने क्रममा १५ प्रतिशत बृद्धि भएको हुनेछ ।
- महिला तथा बालबालिका विरूद्ध अपराध/हिंसा न्युनिकरण गर्न एकिकृत क्रियाकलाप कार्यान्वयनको संख्या १५ प्रतिशत बृद्धि भएको हुनेछ ।
- हिंसा विरूद्ध कार्य गर्न समुदाय स्तरमा स्वस्फुर्त रूपमा उप-संजाल गठन भई कार्य गरेको हुनेछ ।
- जिल्ला देखि समुदाय स्तरसम्मका महिला पुरूषहरूमा महिला तथा बालबालिका माथि हिंसा सम्वन्धमा चेतना जागरण भएको देखिन्छ ।

**रणनीति (क) सेवा केन्द्रको जिल्ला संजाल समितिको कार्यलाई सदृढिकरण र संस्थागत बनाउने**

महिला बालबालिका विरूद्ध हुने हिंसा/अपराधहरू न्युनिकरण गर्न को लागि केवल जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्रको एकल प्रयासवाट मात्र पटक्कै सम्भव छैन । जिल्लामा त्यसको लागि सम्वन्धित नेपाल प्रहरी लगायत सवै सरोकार वालाहरू, समुदायहरू, विद्यार्थीहरू, नागरिक समाज, राजनैतिक दलहरूको सामुहिक प्रयास, एक्यवद्धतावाट मात्र सम्भव हुन्छ । त्यस कारण यिनै कुरालाई ध्यानमा राखि जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्र को लागि निम्न रणनितिहरू अवलम्वन गरिने छ र यस रणनीतिलाई कार्यरूपमा कार्यान्वयन गरि परिणाम हासिल गर्न प्रत्येक रणनीति अनुसार कार्यहरू कार्यान्वयन गरिनेछ ।

| सि नं | कार्यहरु (Action Points) | जिम्मेबार निकाय |
|---|---|---|
| १ | जिल्लाका सम्वन्धित सरोकारवालाहरूको सहभागिता हुने गरि एक महिला तथा बालबालिका सेवा केन्द्र जिल्ला संजाल समिति गठन गरिने जसमा जि.प्र.का.को प्रमुख सदस्य सचिव रहने छ । यस समितिको वैठक कम्तिमा महिनाको एक पटक परिणाममुखि बैठक बस्नेछ र सामुहिक निर्णय अनुसार कार्यान्वयन गरिनेछ । | जि.प्र.का., म.तथा बा.बा.सेवा केन्द्र, जिल्ला संजाल समिति |
| २ | गा.वि.स. स्तरमा आवश्यकता अनुसार उप-संजाल समिति गठन गरि आफ्नो क्षेत्रको घरेलु हिंसा पीडितहरूको लागि कार्य गरि समाजमा पुर्नस्थापित गर्न सहयोग गर्नेछ । उप-संजालको बैठक कम्तिमा पनि महिनाको एक पटक बस्नेछ । | जि.प्र.का., म.तथा बा.बा.सेवा केन्द्र, जिल्ला संजाल समिति |
| ३ | समुदाय अनुसार सामुहिक रूपमा समुदायस्तर चेतनामुलक कार्यक्रम गरिनेछ । | जि.प्र.का., म.तथा बा.बा.सेवा केन्द्र, जिल्ला संजाल समिति उप संजाल समिति |
| ४ | पीडितहरूको लागि निःशुल्क कानूनी परामर्श सेवा वार एशोशियनको पहलमा प्रदान गर्ने गरि पहल गर्ने | जिल्ला संजाल समिति, नेपाल बार एशोसियसन |
| ५ | पीडितलाई औषाधि उपचार सेवा जिल्ला स्वास्थ्य कार्यालयको पहलमा अस्पतालवाट प्रदान गर्ने गरि समन्वय गरिनेछ । | जिल्ला संजाल समिति, जिल्ला स्वास्थ्य कार्यालयका |
| ६ | आवश्यकता अनुसार पीडितलाई राहत दिनको लागि जिल्लाको आपत कालिन सेवा केन्द्रहरूमा समन्वय गर्ने | जिल्ला संजाल समिति |
| ७ | सेवा केन्द्रसंग सहकार्य गर्नको लागि सम्वन्धित सरोकारवालाहरू ले आफ्नो बार्षिक कार्यक्रममा प्रतिबिम्बित गरि सोहि अनुसार कार्यान्वयन गर्ने ब्यबस्था गर्ने । | जिल्ला संजाल समिति, म तथा बा कार्यालय |
| ८ | जिल्ला विकास समिति तथा गाउँ बिकास समितिमा हुने महिला तथा बालबालिका सम्वन्धि बजेटको प्रावधानलाई महिला तथा बालबालिका विरूद्धको अपराध तथा हिंसा न्युनिकरण गर्ने कार्यमा केहि प्रतिशत सुनिश्चित गर्न समितिले सामुहिक वकालत गर्ने । | जिल्ला संजाल समिति, जिल्ला विकास समिती, गाउ विकास समिति |
| ९ | संजालले समुदाय संग सहकार्य गरि हिंसाका घटनाहरू निदानका लागि आवश्यक सामुहिक प्रयास गर्नेछ । | जिल्ला संजाल समिति, जि प्र का |

# डोटी जिल्लाको नक्सा



# महिला तथा बालबालिकाको हक हितका लागि नेपाल प्रहरी महिला तथा बालबालिका सेवा केन्द्र

महिला तथा बालबालिकाविरुद्ध हुने अपराधहरुको नियन्त्रण गर्ने, अनुसन्धान गर्ने र पीडितलाई आवश्यक सहयोग गर्ने उद्देश्यले स्थापना गरिएको नेपाल प्रहरीको विशिष्टीकृत इकाइ हो, जसले महिला तथा बालबालिकाद्वारा भएका अपराधहरूको अनुसन्धान प्रक्रियामा समेत सहयोग गर्छ ।

## कस्ता कस्ता अपराधको सम्बन्धमा सेवा केन्द्र जाने ?

- बाल विवाह/बहु विवाह ।
- जबरजस्ती विवाह/अनमेल विवाह ।
- मानव बेचबिखन तथा ओसारपसार ।
- बालश्रम शोषण ।
- बलात्कार/बलात्कारको प्रयास ।
- वैवाहिक बलात्कार तथा यौन शोषण ।
- दुर्व्यवहार ।
- घरेलु हिंसा ।
- अन्य दुर्व्यवहार ।
- महिला तथा बालबालिकाविरुद्ध लक्षित अन्य गैरकानुनी क्रियाकलापहरू ।



**बालबालिका हराएका छन् ?**

छन् भने निम्न ठेगानामा तुरुन्त सम्पर्क गर्नुहोस्

**बालबालिका खोजतलास समन्वय केन्द्र**

भृकुटी मण्डप, काठमाडौं

फोन : १०४, ०१-४२२६००६

वा

नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोस् ।



## हाम्रो अनुरोध

- हरेक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुन्छ भन्ने कुरा ध्यान दिनुहोस् ।
- महिला तथा बालबालिकाविरुद्ध अपराध भएमा वा हुन लागेमा तुरुन्त हामीलाई (प्रहरीलाई) खबर गर्नुहोस् ।
- तपाईंको सानो सहयोगले पनि अपराधीलाई कानुनको कठघरामा उभ्याउन ठूलो सहयोग हुन सक्छ ।
- उजुरी दिएको कारणले तपाईंलाई खतरा हुनेछ भन्ने लाग्यो भने सो कुरा हामीलाई भन्नुहोस् हामी तपाईंको व्यक्तिगत विवरण गोप्य राखिदिनेछौं ।
- महिला तथा बालबालिकाविरुद्ध हिंसा भएमा सम्भव भएसम्म महिला तथा बालबालिका सेवा केन्द्रमा र नभए नजिकको प्रहरी कार्यालयमा तुरुन्त सम्पर्क गर्नुहोस्, प्रहरी तपाईंहरुकै सेवाका लागि २४ सै घण्टा तैनाथ रहने छ ।

## जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्र :

हिंसा अपराध हो, हिंसापीडित महिला तथा बालबालिकाहरुका लागि हामी निम्न सेवा प्रदान गर्न सक्छौं ।

- महिला तथा बालबालिकाहरूको हकहितको संरक्षण गर्न ।
- महिलामैत्री तथा बालमैत्री वातावरण प्रदान गर्न ।
- महिला तथा बालबालिकाविरुद्धका अपराधहरूको अनुसन्धान गर्न ।
- पीडितलाई सहयोग तथा परामर्श सेवा प्रदान गर्न ।
- घटनाको सम्बन्धमा अवलम्वन गर्नुपर्ने प्रक्रियाबारे जानकारीसम्बन्धी ।
- घटनासँग सम्बन्धित सबै सूचनाहरू/जानकारीहरू गोप्य राख्दछौं ।




**त्यसैले यस सेवा केन्द्रमा निर्भिक र निडर भई उजुरी दर्ता गर्नुहोस्, हिंसा सहेर नबस्नुहोस् ।**

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
महिला तथा बालबालिका सेवा निर्देशनालय
नक्साल, काठमाडौं

आर्थिक सहयोग : एसियाली विकास बैंक (ADB)

ADB
Japan Fund for Poverty Reduction

Design by : Sailesh Bajracharya, 4261346, 3GPrinters.hq@gmail.com